# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०

## GENDER EQUALITY AND SOCIAL INCLUSION (GESI) GUIDELINE, 2023

नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०

# GENDER EQUALITY AND SOCIAL INCLUSION (GESI) GUIDELINE, 2023


**प्रकाशक**

नेपाल सरकार

शहरी विकास मन्त्रालय, सिंहदरबार काठमाडौं

| | | |
|---|---|---|
| फोन नं | : | ०१४२११६७३, ०१४२११६९३ |
| इमेल | : | info@moud.gov.np |
| वेबसाइट | : | https://moud.gov.np/ |
| सर्वाधिकार | : | नेपाल सरकार, शहरी विकास मन्त्रालय |
| स्वीकृत मिति | : | २०८० साल असोज ९ गते |
| प्रकाशन मिति | : | २०८० साल मङ्सिर |

**प्राविधिक सहकार्य**

UN-HABITAT

संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम (युएन ह्याबिट्याट),

सानेपा, ललितपुर

फोन नं : ०१५४५१०९१

इमेल : unhabitat.nepal@unhabitat.org.np

वेबसाइट : https://unhabitat.org.np/

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## मन्तव्य



शहरी विकास मन्त्रालयद्वारा २०७० सालमा जारी गरिएको “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन” परिमार्जन गरी “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०” प्रकाशन गर्न लागिएकोमा मलाई अत्यन्त खुसी लागेको छ । २०७२ सालमा जारी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मूल मर्म र परिमार्जनको क्रममा रहेको नेपालको राष्ट्रिय शहरी नीति, २०८० को समावेशिताप्रतिको प्रतिबद्धतालाई आत्मसात् गर्दै समावेशी र सन्तुलित शहरी विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने लक्ष्यसाथ तयार पारिएको यस परिमार्जित मार्गदर्शनले हामी सबैलाई समावेशी शहरी विकासका लागि यथेष्ठ आधार दिने छ भन्ने मेरो विश्वास छ ।

शहरी विकास भन्नु समग्र भौतिक प्रगति मात्र होइन । शहर सबैको साझा बन्न सक्नु पर्छ । त्यसका लागि संरचना, सुविधा र सेवा प्रवाहमा सामञ्जस्य ल्याउन सक्नु पर्छ । यसका साथै युग सुहाउँदो प्रविधिका अतिरिक्त मानवीय सेवा सुविधाको बढोत्तरीमा पनि जोड दिनु पर्छ । सङ्कटासन्न समुदायलाई राज्यले विभिन्न नीतिमार्फत संरक्षण गरी तिनीहरूको मूलप्रवाहीकरण गर्नु पर्छ । यस मार्गदर्शनको प्रभावकारी कार्यान्वयनले यी सोच सफलिभूत पार्न हामीलाई ठोस सहयोग पुग्ने छ ।

यस मार्गदर्शनमा दिगो विकास लक्ष्य, नयाँ शहरी कार्यसूची लगायतका नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रस्तुत गरेका उपलब्धि र प्रतिबद्धताको मर्मलाई पनि आत्मसात् गरिएको छ । प्राज्ञिक र विकास निर्माणका क्षेत्रमा घनिभूत रूपमा हुन थालेका लैङ्गिक समानता र सामाजिक समावेशीकरणका उदीयमान आयाम सम्बन्धी बहस र अन्तरक्रियाले समग्र शहरी विकासलाई थप समावेशी बनाउन हामी सबैलाई प्रेरणा दिएको छ । ती सन्दर्भहरूलाई पनि यसमा जोड्ने प्रयास गरिएको छ ।

सामाजिक, सांस्कृतिक र आर्थिक रूपले वैभवपूर्ण, समावेशी र दिगो शहरबस्तीको विकास हामी सबैको साझा प्रतिबद्धता र लक्ष्य हो । ज्येष्ठ नागरिक, बालबालिका, महिला अपाङ्गता भएका व्यक्ति लगायत समाजका सबैलाई सहज र पहुँचयुक्त हुने गरी संरचनाहरू बनाउनु पर्ने कुरामा शहरी विकास मन्त्रालय सदैब प्रतिबद्ध छ । त्यही प्रतिबद्धताको एउटा कडीका रूपमा हामीले यो मार्गदर्शनलाई लिएका छौं । यसको प्रभावकारी कार्यान्वयन मार्फत न्यायोचित शहर र मानव बस्तीको विकासमा हातेमालो गर्न सङ्घ, प्रदेश र स्थानीय तहका सरकार लगायत सम्पूर्ण सरोकारवालालाई अनुरोध गर्दछु । साथै, यो मार्गदर्शन परिमार्जन कार्यमा संलग्न यस मन्त्रालयका पदाधिकारी, प्राविधिक सहकार्य गर्ने संयुक्त राष्ट्रसङ्घीय मानव बसोबास कार्यक्रम (युएन ह्याबिट्याट) लगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**सीता गुरुङ्**
मन्त्री
शहरी विकास मन्त्रालय

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्सः ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## भूमिका



समग्र शहरी विकासको आफ्नो मौलिकता, ऐतिहासिकता र विशिष्टतालाई आत्मसात् गर्दै र विश्वव्यापी प्रभावसँग जोडिँदै दिगो, हरित, उत्थानशील र समावेशी शहरी विकासको साझा लक्ष्य हासिल गर्न शहरी विकास मन्त्रालय आफ्नो स्थापनाकालदेखि नै प्रयत्नशील छ । कुल जनसङ्ख्याको करिब दुई तिहाइ हिस्साको बसोबास र अवसरको केन्द्र बन्दै गरेका हाम्रा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरू व्यवस्थित, सङ्गठित र सुरुचिपूर्ण आकार ग्रहण गर्ने क्रममा छन् । भौतिक र मानवीय विकासको उदीयमान अवस्थाबिच जोखिममा रहेका विभिन्न समूह लगायत सबैको मूलप्रवाहीकरण हाम्रा लागि अवसर र चुनौती दुबै बनेको छ । यस अवसरलाई भौतिक तथा मानवीय विकाससँग जोड्न तथा अवरोधहरूलाई अवसरमा बदल्न हामीले समावेशी शहरी नीतिको अवधारणामा काम गरिरहेका छौं ।

नेपालको संविधानले आवासको हकलाई मौलिक हकका रूपमा अङ्गीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने तथा आवासविहीन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । यसै अनुरूप आवासको अधिकार सम्बन्धी ऐन, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेको छ । त्यस्तै, राष्ट्रिय शहरी नीतिको नयाँ मस्यौदा (२०८०) समावेशी शहर बनाउने सोचका साथ अघि बढेको छ ।

सङ्घीयताको शहरी मोडल मुलुकको फेरिंदो शहरी परिदृश्यका रूपमा आएको छ । अबका शहरहरूले सेवा, सुविधा र अवसरका फराकिला अवसर प्रदान गर्न र सन्तुलित शहरी विकास मार्फत समृद्धिको मार्गमा अघि बढ्न सकून भन्ने हेतुले शहरी विकास मन्त्रालयले राष्ट्रिय शहरी नीतिको समय सापेक्ष परिमार्जनको कार्यलाई अघि सारेको हो । त्यही लक्ष्य हासिल गर्ने एउटा प्रभावकारी साधनका रूपमा हामीले यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शनलाई लिएका छौं । भवन निर्माण, शहरी विकास, आवास योजना तथा स्थानीय पूर्वाधार विकास योजना तय गर्दा न्यायोचित, मानवोचित, सांस्कृतिक परिवेश झल्कने र दिगो पूर्वाधार विकास पूर्वसर्त बन्नुपर्छ भन्ने हाम्रो मान्यता रहिआएको छ । त्यसका लागि यो मार्गदर्शन पथप्रदर्शक बन्ने छ ।

शहरी विकास मन्त्रालय, शहरी विकास महाशाखा अन्तर्गत रहेको सामाजिक समन्वय शाखाको पहल तथा युएन ह्याबिट्याट को प्राविधिक सहकार्यमा तयार भई मन्त्रालयद्वारा लागु गरिएको यो मार्गदर्शन सङ्घीय, प्रादेशिक र स्थानीय सबै तहका सरकारका लागि उपयोगी हुने मेरो विश्वास छ । मार्गदर्शनको प्रभावकारी कार्यान्वयन मार्फत हाम्रा शहरहरू सबैका लागि अवसरयुक्त र अवरोधमुक्त बन्ने छन् । मार्गदर्शन परिमार्जनका क्रममा रचनात्मक योगदान दिनुहुने यसै महाशाखाका पूर्व प्रमुख रामचन्द्र दंगाल, सामाजिक समन्वय शाखा प्रमुख कमल अधिकारी, युएन ह्याबिट्याट बसोबास कार्यक्रम प्रबन्धक प्रज्ञा प्रधान र समस्त टोली, अध्ययन टोली प्रमुख ओम धरानन्द राजोपाध्याय लगायत समस्त परामर्शदाता टोली, सम्बन्धित सबै निकाय एवम् विज्ञमा हार्दिक आभार व्यक्त गर्दछु ।

२०८०।६।१५

**पद्म कुमार मैनाली**
सहसचिव, शहरी विकास महाशाखा
शहरी विकास मन्त्रालय

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्स: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np

नेपाल सरकार
# शहरी विकास मन्त्रालय
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## कृतज्ञता ज्ञापन



शहरी विकास मन्त्रालय, शहरी विकास महाशाखा अन्तर्गतको सामाजिक समन्वय शाखा समावेशी, समुन्नत र सन्तुलित शहरी विकासका लागि सदैव समर्पित छ । त्यसै अनुरूप यसले आफ्ना कदम चाल्दै आएको पनि छ । भौतिक विकास, मानवीय विकास र उचित सेवाभावको साझा त्रिवेणी भन्नु नै समावेशी शहरी विकास हो भन्ने मूल मर्मलाई आत्मसात् गर्दै हामीले मन्त्रालय अन्तर्गतका विभिन्न निकायमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित विभिन्न नीति तर्जुमा, त्यसको प्रभावकारी कार्यान्वयन, क्षमता विकास, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिँदै आएका छौं ।

समावेशी र सन्तुलित शहरी विकासलाई योजनाबद्ध ढङ्गले अघि बढाउने उद्देश्यले यस मन्त्रालयले २०७० सालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मार्गदर्शन तयार पारी त्यसको प्रभावकारी कार्यान्वयनमा उच्च जोड दिएको थियो । उक्त मार्गदर्शनको प्रारम्भिक मस्यौदा निर्माणमा हामीले एसियाली विकास बैङ्क तथा मानव संसाधन विकास केन्द्र (HURDEC) सँग सहकार्य गरेका थियौं । उक्त कार्यको नेतृत्व गर्नुहुने तत्कालीन शाखा प्रमुख (आयोजना प्रमुख) पोष्टराज ढुङ्गानाप्रति हार्दिक आभार व्यक्त गर्दछु । उक्त कार्यका लागि आवश्यक मार्गदर्शन गर्नुहुने यसै मन्त्रालयका तत्कालीन सचिव किशोर थापाप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२०७२ सालमा जारी नेपालको संविधानको मूल मर्म, सङ्घीय ढाँचामा शहरी विकासको आवश्यकता सम्बोधन गर्ने उद्देश्य सहित तयारीका क्रममा रहेको राष्ट्रिय शहरी विकास नीति र नयाँ शहरी कार्यसूचीको मर्मलाई समेत आत्मसात् गर्दै तथा प्राज्ञिक र व्यावसायिक जगत्ले उजागर गरेका नयाँ आयामलाई समेत समेट्दै उक्त मार्गदर्शन परिमार्जन गरिएको हो । यसका लागि मार्गनिर्देश गर्नुहुने शहरी विकास महाशाखा प्रमुख पद्म कुमार मैनाली एवम् पूर्व महाशाखा प्रमुख रामचन्द्र दंगालप्रति हार्दिक आभार व्यक्त गर्दछु । मस्यौदा परिमार्जनका क्रममा हामीले युएन ह्याबिट्याट नेपाल द्वारा सञ्चालित "दक्षिण एसियाली मुलुकका शहरी नीति तथा कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा रहेका सबै समूहको मूलप्रवाहीकरण परियोजना" सँग प्राविधिक सहकार्य गरेका छौं । यस सहकार्यका लागि युएन ह्याबिट्याट नेपालका बसोबास कार्यक्रम प्रबन्धक प्रज्ञा प्रधान र परियोजना संयोजक मिलन बगालेप्रति आभारी छु ।

मस्यौदा परिमार्जनका लागि युएन ह्याबिट्याट मार्फत हामीले एडिए कन्सल्टेन्सीसँग सहकार्य गरेका थियौं । मस्यौदा परिमार्जन टोलीको नेतृत्व गर्नुहुने शहरी विकासविज्ञ ओम धरानन्द राजोपाध्याय, आर्किटेक्ट तथा शहरी योजनाकार सृजना कोइराला, समाजशास्त्री सुषमा श्रेष्ठ जोशी, आर्किटेक्ट तथा शहरी योजनाकार सुमन महर्जन लगायत समग्र अध्ययन टोलीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मस्यौदा परिमार्जनकै क्रममा हामीले विभिन्न विज्ञ समूह र सङ्घ संस्थाका प्रतिनिधिहरूसँग *छलफल तथा अन्तरक्रिया गरेका थियौं । ती छलफल तथा अन्तरक्रियामा भाग लिई* महत्त्वपूर्ण सुझाव सल्लाह दिनुहुने शहरी विकास मन्त्रालयका सहसचिवद्वय पद्म कुमार मैनाली र रामचन्द्र दंगाल, त्रिभुवन

फोन नं.: ४२११८८३, ४२११६७३ , फ्याक्सः ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेबसाइटः www.moud.gov.np

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।


पत्र संख्याः-
चलानी नं.:-

विश्वविद्यालय मानवशास्त्र विभागका प्राध्यापक डा. विनोद पोखरेल, स्थानीय पूर्वाधार विभाग (डोली) का समाजशास्त्री कुशलदेव घिमिरे, युएन हयाबिट्याट नेपालमा कार्यरत राष्ट्रिय व्यावसायिक अधिकृत सुधा श्रेष्ठ, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालका प्रशासकीय व्यवस्थापक मनिष प्रसाई, राष्ट्रिय योजना आयोगका निर्देशक राजेशबाबु घिमिरे, शहरी विकासविज्ञ तथा पूर्व सहसचिव सरिता मास्के, लुमन्ती आवासका लागि सहयोगी समूहकी प्रबन्धक लुमन्ती जोशी, ब्ल्यु डाइमन्ड सोसाइटीका प्रतिनिधि पिटर राई, धुलिखेल नगरपालिकाका सामाजिक विकास अधिकत विदुर गौतम, सोसाइटी अफ नेप्लिज आर्किटेक्टस् (सोना) का महासचिव अपिल केसी, काठमाडौं उपत्यका विकास प्राधिकरणकी लेखा अधिकृत राधा कडेल र राष्ट्रिय महिला आयोगका उपसचिव सीता अधिकारी लगायत सबै महानुभावप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यो मार्गदर्शन प्रकाशन गर्नुअघि सुझावका लागि अन्तिम मस्यौदा शहरी विकास मन्त्रालय सम्बद्ध विभिन्न निकाय (शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय पूर्वाधार विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, नगर विकास कोष, नेपाल आवास विकास कम्पनी लिमिटेड र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति) र महिला बाल बालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाइएको थियो । सबै निकायबाट सुझाव प्राप्त भएका थिए । ती सुझावलाई समेत समेटेर मार्गदर्शन प्रकाशन गरिएको छ । मस्यौदा पढेर गहन सुझाव दिनुहुने शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालयका आयोजना निर्देशक (सहसचिव) एकराज अधिकारी, भवन संहिता शाखा प्रमुख सिनियर डिभिजनल इन्जिनियर मनोज नकर्मी, मार्गदर्शनको भाषा सम्पादन गर्नुहुने केदार भट्टराई, अनुसूचीमा रहेका नक्सा हेरेर सुझाव दिनुहुने शहरी विकास महाशाखामा कार्यरत आर्किटेक्ट रेनुका भण्डारी र शाखा अधिकृत सुमित्रा लिम्बू लगायत महाशाखाका सम्पूर्ण सहकर्मीप्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा मार्गदर्शन स्वीकृतिका लागि उच्च प्राथमिकता दिनुहुने र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मार्गनिर्देश गर्नुहुने माननीय मन्त्री सीता गुरुङ र तत्कालिन श्रीमान् सचिव रविन्द्रनाथ श्रेष्ठप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२०८०।६।१५

कमल अधिकारी

वरिष्ठ समाजशास्त्री तथा शाखा प्रमुख

सामाजिक समन्वय शाखा

## सङ्क्षिप्त शब्दावली

**नेपाली शब्दहरू**

| | | |
|---|---|---|
| मविवस | : | महिला, विपन्न तथा वञ्चित समूह |
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| शविम | : | शहरी विकास मन्त्रालय |

**अंग्रेजी शब्दहरू**

| | | |
|---|---|---|
| GESI | : | Gender Equality and Social Inclusion |
| GEDSI | : | Gender Equality, Disability and Social Inclusion |

# तालिका सूची


तालिका १ : आयोजनाको आवश्यकता र पहिचानको चरण .............................................. २१

तालिका २ : आयोजनाको सम्भाव्यता अध्ययन चरण .................................................... २२

तालिका ३ : विस्तृत आयोजना प्रतिवेदन र इन्जिनियरिङ डिजाइनको चरण ........................ २३

तालिका ४ : आयोजना मूल्याङ्कन तथा स्वीकृतिको चरण .............................................. २५

तालिका ५ : आयोजना कार्यान्वयनको चरण .................................................................. २६

तालिका ६ : आयोजना हस्तान्तरण तथा सञ्चालनको चरण ............................................ २७

तालिका ७ : विषयगत क्षेत्रहरूमा लैससास मूलप्रवाहीकरण सम्बन्धी पालना गर्नुपर्ने विशेष व्यवस्था ....................................................................................... ३२

# विषय सूची


**परिच्छेद १ : प्रारम्भिक**

१.१ प्रस्तावना ........ १३

१.२ सङ्क्षिप्त नाम र प्रारम्भ ........ १४

१.३ परिभाषा ........ १४

१.४ मार्गदर्शनको उद्देश्य ........ १६

१.५ लैससास कार्यान्वयनका मार्गनिर्देशक सिद्धान्तहरू ........ १६

१.६ लैससास कार्यान्वयन गर्ने समग्र उद्देश्य प्राप्तिको रणनीति ........ १७

१.७ लैससास मूलप्रवाहीकरणका लागि मन्त्रालय र मातहतका सबै निकायहरूले पालना गर्नुपर्ने अनिवार्य सर्तहरू ........ १८

**परिच्छेद २ : आयोजना चक्रमा लैससास मूलप्रवाहीकरण**

२.१ आयोजनाको आवश्यकता र पहिचान ........ २०

२.२ आयोजनाको सम्भाव्यता अध्ययन ........ २२

२.३ विस्तृत आयोजना प्रतिवेदन तथा इन्जिनियरिङ डिजाइन ........ २३

२.४ आयोजना मूल्याङ्कन तथा स्वीकृति ........ २४

२.५ आयोजना कार्यान्वयन ........ २५

२.६ आयोजना हस्तान्तरण तथा सञ्चालन ........ २७

२.७ चरणबद्ध प्रगति मूल्याङ्कन तथा अनुगमन ........ २८

२.८ लैससास र पहुँचयुक्तता परीक्षण ........ २८

**परिच्छेद ३ : विषयगत क्षेत्रहरूमा लैससास मूलप्रवाहीकरण सम्बन्धी विशेष व्यवस्था** ...... २९

**परिच्छेद ४ : लैससास कार्यान्वयनको संस्थागत व्यवस्था**........ ३४

४.१ मन्त्रालय तह ........ ३४

४.२ विभाग तह ........ ३५

४.३ प्रदेश तह ........ ३६

४.४ स्थानीय तह ........ ३६

४.५ मन्त्रालय मातहतका अन्य कार्यालय तथा आयोजनाहरू ........ ३६

४.६ लैससास कार्यान्वयनको संरचनागत व्यवस्था ........ ३८

४.७ कार्यालयको कार्य वातावरण ........ ३८

४.८ कानुन मस्यौदा गर्दा लैससास परीक्षण ........ ३९

४.९ मार्गदर्शनको पालना ........ ३९

४.१० खारेजी र बचाउ ........ ३९

अनुसूचीहरू

# परिच्छेद १

# प्रारम्भिक

### १.१ प्रस्तावना

नेपालको संविधान, संघीय शासन प्रणाली, दिगो विकास लक्षको मर्मका साथै देशको कानूनी प्रावधान र नेपाल राज्य पक्ष भएका मानवाधिकार र समावेशिता लगायतका विषय सम्वन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झ्यौता समेतको परिपालनाको सन्दर्भमा शहरी विकास मन्त्रालयद्वारा कार्यान्वयनम ल्याईएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन,२०७०  को समयानुकूल परिमार्जन गरी नेपाल सरकार, शहरी विकास मन्त्रालयबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०८० जारी गरिएको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का सवाललाई सम्बोधन गर्ने उद्देश्यले जारी उक्त मार्गदर्शन मूलतः महिला, गरिब तथा वञ्चित समूहसमेत सबैका लागि जीविकोपार्जनका साधन तथा सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्न परिलक्षित छ। विश्व परिवेशमा व्यक्तिको लैङ्गिक, शारीरिक क्षमता, बासस्थान, सम्पत्ति, शिक्षा, उमेर, जातजाति, वर्ण र यौनिकतामा आधारित सामाजिक पहिचान बमोजिम विद्यमान असन्तुलित शक्ति सम्बन्ध र असमानतालाई ध्यान दिँदै प्राथमिकताका आधारमा समुचित सुधार तथा समाधान गर्नु लैससासको लक्ष्य हो । यसै क्रममा नेपाल राज्य पनि विभेदरहित लैङ्गिक समानता तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय सोच एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ ।

नेपाल सरकारले शहरी विकास मन्त्रालयमार्फत देशभर भवन, आवास तथा शहरी विकास एवम् स्थानीय पूर्वाधार निर्माण क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। लैससासको आवश्यकता र महत्त्वलाई महसुस गरी यस मन्त्रालयले आफ्ना नीति, कार्यक्रम, सेवा तथा साङ्गठनिक संरचनालाई लैससासमैत्री र उत्तरदायी बनाउने कुरालाई आत्मसात् गरेर मन्त्रालय अन्तर्गत र संवद्ध निकायका कार्यक्रम तथा आयोजनाहरूमा लैससास मूलप्रवाहीकरणका क्रियाकलाप सञ्चालन गर्नुका साथै महिला, विपन्न तथा वञ्चित समूह (मविवस) को अर्थपूर्ण सहभागितालाई पनि विशेष महत्त्व दिँदै आएको छ। यस परिमार्जित मार्गदर्शनले समावेशी शहरी विकासका लागि रणनीतिक दिशा प्रदान गर्नुका अतिरिक्त ठोस आधारपनि तयार गर्नेछ ।

### १.२ सङ्क्षिप्त नाम र प्रारम्भ

क) यस मार्गदर्शनको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८०" रहेको छ ।

ख) यो मार्गदर्शन तत्काल लागू हुने छ ।

ग) यस मार्गदर्शनको व्यवस्थामा कुनै सारभूत परिवर्तन नहुने गरी सङ्घीय सरकारका अन्य निकाय, प्रदेश सरकार तथा स्थानीय तहले समेत त्यस्ता निकायको कार्यक्षेत्र एवम् आवश्यकता बमोजिम यस मार्गदर्शनलाई लागू गर्न सक्ने छन् ।

### १.३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

क) "आयोजना" भन्नाले समावेशी शौचालय, आराम स्थल, सडक, यातायात प्रणाली, कार्यालय भवन, व्यापारिक भवन, सभा हल, आवास एकाइ, पदमार्ग, र्याम्प, सडक पार गर्ने पुल, पार्किङ व्यवस्था, खुला एवम् हरित पार्क, खेलकुद पूर्वाधार, सडक पेटी, खानेपानी, ढल जस्ता शहरी योजना तथा भौतिक पूर्वाधार निर्माणको कार्यलाई सम्झनु पर्छ ।

ख) "खण्डीकृत तथ्याङ्क" भन्नाले लैङ्गिक, जातीय अल्पसङ्ख्यक समूह, अपाङ्गता भएका व्यक्ति तथा अन्य वञ्चित समूहहरूका बेग्लाबेग्लै तथ्याङ्कलाई सम्झनु पर्छ ।

ग) "गरिबी नक्साङ्कन" भन्नाले कुनै निश्चित भूभागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थानिक वितरणबारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्छ ।

घ) "जोखिममा परेका समूह" भन्नाले अन्य नागरिकको तुलनामा विपन्नता एवम् सामाजिक वञ्चितीकरणका कारण बढी जोखिम व्यहोर्ने विपन्न, अल्पसङ्ख्यक जनजाति, बसाइँसराइ गरेका, शारीरिक अपाङ्गता भएका, घरबारविहीन, दुर्व्यवहार खेपेका, एक्लिएका ज्येष्ठ नागरिक एवम् अभिभावक विहिन बालबालिकालाई सम्झनु पर्छ ।

ङ) "मार्गदर्शन" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०८० लाई सम्झनु पर्छ ।

च) "मन्त्रालय" भन्नाले शहरी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

छ) "लैङ्गिक" भन्नाले पुरुष, महिला र तेस्रो लिङ्गीको भूमिका एवम् पहिचानका साथै उनीहरूबीचको अन्तर्सम्बन्धलाई सम्झनु पर्छ ।

ज) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले योजना, कार्यक्रम एवम् बजेट तर्जुमालाई लैङ्गिक उत्तरदायी बनाउनेसम्झनु पर्छ ।

झ) "लैङ्गिक प्रभाव विश्लेषण" भन्नाले नीति विकास निर्माणका अभ्यासहरूको परीक्षण गरेर कुनै पनि कार्यक्रम तथा आयोजनाबाट महिला, पुरुष एवम् तेस्रोलिङ्गीहरू कत्तिको लाभान्वित भएका छन्

भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

ञ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष वा तेस्रोलिङ्गीलाई थप अवसर दिएर समतामूलक स्थिति कायम गरिएको अवस्थालाई सम्झनु पर्छ ।

ट) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष र तेस्रोलिङ्गीबीच सबै क्षेत्र र तहमा सूचनाको पहुँच, निर्णय प्रक्रिया र प्रतिफल वितरणमा समान अवसर हासिल भएको अवस्थालाई सम्झनु पर्छ ।

ठ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले लैङ्गिक र विभिन्न सामाजिक समूहहरूबीचका असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्ने तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्ने आवश्यक गतिविधिलाई सम्झनु पर्छ ।

ड) "लैससासको मूलप्रवाहीकरण" भन्नाले पूर्वाधार विकास प्रणालीसँग सम्बन्धित नीतिहरू, संस्थागत प्रक्रिया, क्षमता विकास, कामको वातावरण एवम् संस्कृति, कार्यक्रम र बजेट तर्जुमा, सेवा प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अनुसन्धानको कार्यमा मविवसका समस्याको पहिचान एवम् सम्बोधन गर्ने कार्यलाई सम्झनु पर्छ ।

ढ) "लैससास प्रबलीकरण" भन्नाले लैससास अनुकूल हुने गरी विद्यमान भौतिक पूर्वाधार तथा संरचनाहरूमा परिमार्जन, सुधार तथा मर्मत गर्ने कार्यलाई सम्झनु पर्छ ।

ण) "वञ्चित समूह" भन्नाले जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने जनतालाई सम्झनु पर्छ ।

त) "विपन्न" भन्नाले औसत प्रतिव्यक्ति प्रतिदिन २२२० क्यालोरीभन्दा कम खाद्य पदार्थको उपभोग गर्ने घरपरिवार एवम् व्यक्तिलाई सम्झनु पर्छ ।

थ) "सशक्तीकरण" भन्नाले विकासका अवसरबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्छ ।

द) "सामाजिक वञ्चितीकरण" भन्नाले लिङ्ग, जातजाति वा धर्म आदिका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनु पर्छ ।

ध) "सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरीय आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक वञ्चितीकरणमा परेका समूहहरूलाई निर्णय प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, स्रोत साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चितता भएको अवस्थालाई सम्झनु पर्छ ।

न) "सामाजिक नक्साङ्कन" भन्नाले आयोजनाभित्र रहेका घरपरिवारको सामाजिक तथा आर्थिक अवस्थासँग सम्बन्धित पूर्वनिर्धारित सूचकाङ्कको प्रयोग गरी घरपरिवारको पहिचान गर्ने विधिलाई सम्झनु पर्छ ।

प) “सार्वजनिक परीक्षण” भन्नाले वित्तीय सूचनासहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाप्रति सेवाप्रदायकको जवाफदेहीता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्न अपनाइने विधिलाई सम्झनु पर्छ ।

फ) “सामाजिक परीक्षण” भन्नाले कुनै सङ्घसंस्थाद्वारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एवम् मापदण्डको लेखाजोखासहित सामाजिक रूपमा परीक्षण गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ब) “लैससास परीक्षण” भन्नाले सेवा प्रवाहको शैली, सङ्गठनात्मक व्यवस्था, नीति र भौतिक संरचना लैगिंक समानता तथा सामाजिक समावेशीकरणको हिसाबले कत्तिको उपयुक्त छ भनेर गरिने ब्यवस्थित अध्ययनलाई सम्झनु पर्छ ।

भ) “पहुँचयुक्तता परीक्षण” भन्नाले पुराना निर्मित भवन र अन्य भौतिक संरचनाहरुलाई पहुँचयुक्तताको हिसाबले परिमार्जन गर्नुपूर्व गरिने स्थलगत अध्ययन, नापजाँच, सर्वेक्षण र छलफललाई सम्झनु पर्छ ।

म) “साझेदार संस्था” भन्नाले सङ्घ, प्रदेश सरकार र स्थानीय तह, विकास साझेदार संघ संस्था, विश्वविद्यालय, प्राज्ञिक संस्था, व्यावसायिक सङ्घ सङ्गठन, आमसञ्चार, निजी क्षेत्र, समुदाय लगायतलाई सम्झनु पर्छ ।

य) “विभाग“ भन्नाले शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग सम्झनु पर्दछ ।

र) “सरोकारवाला निकाय” भन्नाले साझेदार संस्था, स्थानीय संघसंस्था, नागरिक समाज आदिलाई सम्झनु पर्दछ ।

## १.४ मार्गदर्शनको उद्देश्य

मन्त्रालय अन्तर्गतका निकाय र संवद्ध संस्थाहरू, प्रदेश सरकार र स्थानीय तहहरूद्वारा सञ्चालित आयोजनामा लैससाससँग सम्बन्धित क्रियाकलापलाई एकीकृत रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक समन्वय र सहयोग गर्नु गर्नु यस मार्गदर्शनको समग्र उद्देश्य रहेको छ । यस मार्गदर्शनका विशेष उद्देश्य निम्न बमोजिम छन् ः

क) कार्यक्रम तथा आयोजनामा परिचालन हुने स्रोत साधन र त्यसबाट प्राप्त हुने लाभमा मविवसको पहुँच अभिवृद्धि गर्नका लागि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत लैससास कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने,

ख) सम्पूर्ण कार्यक्रम तथा आयोजनामा लैससाससँग सम्बन्धित सवालको उचित सम्बोधन तथा आयोजनाका प्रत्येक चरणमा यसलाई संस्थागत गरिने कुरा सुनिश्चित गर्ने ।

## १.५ लैससास कार्यान्वयनका मार्गनिर्देशक सिद्धान्तहरू

तपसीलमा उल्लेखित मार्गनिर्देशक सिद्धान्तहरुलाई मन्त्रालय, मातहतका निकाय, सम्बद्ध संस्थाहरु, विकास साझेदार र सरोकारवाला निकायहरुले पूर्ण पालना गर्नुपर्ने छ । प्रदेश सरकार र स्थानीय तहहरुले

समेत यी मार्गनिर्देशक सिद्धान्तहरुसंग मेल खानेगरी उपर्युक्त मार्गनिर्देशक सिद्धान्त तयार गरि लागु गर्न सक्ने छन् ।

- मन्त्रालय अन्तर्गतका विकास आयोजनामा वित्तीय लाभ सरह सामाजिक-आर्थिक लाभ विश्लेषणको आधारलाई अहम् प्राथमिकता दिने,
- लैससासको मर्म अनुरूप आयोजनाको प्राथमिकता निर्धारणका आधारमा मात्र लगानीका लागि आयोजना छनौट गर्ने,
- लैससासलाई अनिवार्य प्रावधानका रूपमा विद्यमान कानुनी संरचनासँग आबद्ध गर्ने,
- लैससास कार्यान्वयनका लागि आयोजनामै आवश्यक स्रोत साधनको व्यवस्था गर्ने,
- लैससास कार्यान्वयनका लागि संस्थागत क्षमता सुदृढ गर्ने,
- नेपालले अंगिकार गरेको विश्वव्यापी प्रचलनमा रहेका विभिन्न समावेशिताका सिद्धान्तलाई स्थानीय आवश्यकता र उपयुक्तताका आधारमा संस्थागत गर्दै जाने ।

*स्पष्टीकरण : यस प्रयोजनका लागि समावेशिताका सिद्धान्त भन्नाले मूलतः निम्न प्रमुख सिद्धान्त भन्ने सम्झनु पर्छ :*

- लैससासमा आधारित परिवर्तनको सिद्धान्त : यसको उद्देश्य विभिन्न कार्यक्रम तहमा लैससासलाई निर्देशन र प्रवर्धन गर्न आवश्यक परिवर्तनका विषयमा साझा सहमति कायम गर्नु रहेको छ ।
- लैससासभित्र बेग्लै अपाङ्गतालाई पनि सम्बोधन गर्ने लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (Gender Equality, Disability, and Social Inclusion - GEDSI) को सिद्धान्त ।

## १.६ लैससास कार्यान्वयन गर्ने समग्र उद्देश्य प्राप्तिको रणनीति

**रणनीति १ : कानुनी तथा संस्थागत पुनर्मिलान गर्ने**

- संहिता, मापदण्ड र मानकहरूमा लैससासका प्रावधान समावेश गर्ने,
- लैससासलाई योजना प्रक्रियासँग कानुनी संरचना अन्तर्गत आबद्ध गर्ने,
- आयोजनाको समग्र चक्रमा लैससास सम्बन्धी आवश्यक सर्तहरू तोक्ने,
- लैससास सम्बन्धी शाखालाई योजना चक्रमा अर्थपूर्ण सहभागिता रहने गरी संस्थागत गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहका सबै आयोजना कार्यालयमा लैससास एकाइ स्थापना गर्ने,
- आयोजनामा लैससास परीक्षण (GESI Audit) लाई अनिवार्य गर्ने, र यसका लागि आवश्यक रुजुसूची तयार पार्ने । उक्त परीक्षणको नतिजालाई ध्यानमा राखी भावी आयोजना तर्जुमा गर्ने ।
- नयाँ भवन संरचनाको डिजाइन गर्दा पहुँचयुक्तताका विभिन्न आयामलाई ख्याल गरी सोही अनुरूप डिजाइन भएको यकिन गर्न र पुराना भवन संरचनाको मर्मत सम्भार तथा सुधार गर्दा पहुँचयुक्तता परीक्षण (Accessibility Audit) गरी संरचना सुधार गर्नका लागि आवश्यक रुजुसूची तयार पार्ने ।

**रणनीति २ : शहरी विकास मन्त्रालय अन्तर्गत समग्र आयोजना चक्रमा लैससासलाई समावेश गर्ने**

- लैससास र पहुँचयुक्ततासंग सम्बन्धित कामको गुणस्तर, संवेदनशीलता र मर्मलाई आत्मसात गर्दै आयोजनाको डिजाइन टोलीलाई निर्माण कार्यको खरिद, जडान र निर्माण सुपरीवेक्षणको काममा पनि सहभागी गराउने,
- आयोजनाको डिजाइन र कार्यान्वयनमा मानक तथा संहिताहरूको अनिवार्य पालना गराउने,
- लैससासको अवधारणलाई सबै प्रकारको खरिद कार्यमा पनि लागू गर्ने,
- आयोजना पहिचान, तर्जुमा, स्वीकृति, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनको समग्र चक्र तथा आयोजनाको प्रभाव मूल्याङ्कन र परीक्षणमा समेत लैससासलाई समावेश गर्ने,
- विस्तृत आयोजना तयारीमा अनिवार्य रुपमा लैससासका विषय समावेश गर्ने ।

**रणनीति ३ : प्रादेशिक तथा स्थानीय नीतिलाई यस मार्गदर्शन अनुकूल एकीकृत र निर्दिष्ट गर्ने**

- प्रदेश सरकार र स्थानीय तहमा मार्गदर्शनबारे जानकारी गराउने,
- गाउँपालिका सङ्घ, नगरपालिका सङ्घ तथा जिल्ला समन्वय समितिहरू मार्फत लैससास मार्गदर्शन कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहको क्षमता विस्तार गर्ने र गराउने,
- आयोजनाबारे नेपाली भाषा लगायत अन्य स्थानीय भाषामा जानकारी प्रवाह गर्ने,
- नगर विकास कोष जस्ता संस्थाबाट लगानी गर्दा लैससास सम्बन्धी न्यूनतम सर्तहरू तोक्ने,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्रदेश सरकार तथा स्थानीय तह सरकारलाई दिइने सबै प्रकारका अनुदान र वित्तीय सहयोगमा लैससास सम्बन्धी प्रावधान सुनिश्चित गर्न मन्त्रालय प्रयासरत रहने ।

**रणनीति ४ : सबै आयोजनामा लैससास अनुगमन तथा मूल्याङ्कन एवम् परीक्षण लागू गर्ने**

- सबै आयोजनाहरूमा लैससास प्रभावको समीक्षा गर्ने,
- आयोजनाहरूको अनुगमन र मूल्याङ्कनमा उपभोक्ता तथा लाभग्राही समूहहरूलाई सहभागी गराउने,
- निष्पक्ष अनुगमन र मूल्याङ्कनका लागि तेस्रो पक्षको सहभागिता अनिवार्य गराउने,
- आयोजनामा लैससास परीक्षण र पहुँचयुक्तता परीक्षण गर्ने ।

## १.७ लैससास मूलप्रवाहीकरणका लागि मन्त्रालय मातहतका निकाय र सम्बद्ध सबै संस्थाहरूले पालना गर्नुपर्ने अनिवार्य सर्तहरू

क) सबै तहका कर्मचारीलाई अनुशिक्षण, अभिमुखीकरण वा तालिम प्रदान गर्दा लैङ्गिक समानता, समता, सशक्तीकरण अपाङ्गता, समावेशिता, सामाजिक वञ्चितीकरण एवम् समावेशीकरणका धारणा सजिलै

बुझ्ने गरी सरल भाषामा प्रस्टसँग परिभाषित गर्नुपर्ने छ ।

ख) लैससासका विषयमा विश्लेषणात्मक क्षमता विकास गराई सक्षम बनाउन आवश्यक प्राविधिक ज्ञान प्रदान गर्नका लागि कर्मचारीलाई समय समयमा तालिम प्रदान गर्नुपर्ने छ ।

ग) लैससाससम्बन्धी विभिन्न सवालको पहिचान, यसको प्रारूपण एवम् क्रियाकलापहरू कार्यान्वयन गर्नका लागि व्यवस्थापकीय तहहरूमा पर्याप्त समय व्यवस्थापन गर्नुपर्ने छ ।

घ) लैससास मूलप्रवाहीकरणका लागि समयमै आवश्यक स्रोत साधन उपलब्ध गराउनुपर्ने छ ।

ङ) लैङ्गिक समानता र सशक्तीकरणलाई मन्त्रालय मातहतका विभाग एवम् सम्बद्ध निकायका कार्यसम्पादन सम्बन्धी सम्पूर्ण नीतिमा समाहित गराउन त्यसलाई सम्पूर्ण क्रियाकलाप एवम् नियमित कार्यहरूमा लागू गर्नुपर्ने छ । यसका लागि उपयुक्त व्यवस्थापकीय संरचनाहरू स्थापना गर्नुका साथै अनुगमन एवम् मूल्याङ्कन तथा परीक्षणका विधिलाई मविवसको सशक्तीकरण अनुकूल बनाउनुपर्ने छ ।

च) आयोजना प्रयोजनका लागि सङ्कलन गरिने तथ्याङ्कलाई लिङ्ग, उमेर, जात, जाति, धर्म, शिक्षा, वर्ग, अपाङ्गता, आर्थिक स्थिति, बसोबास एवम् अन्य विशेषताका आधारमा खण्डीकृत गरी खण्डकीकृत तथ्यांकका आधारमा कार्य सम्पादन गर्नुपर्ने छ ।

छ) मन्त्रालय, विभागीय कार्यक्रम तथा आयोजना, संवद्ध निकाय साझेदार सङ्घ संस्था एवम् सामुदायिक समूहहरूको नीति, कार्यक्रम एवम् बजेट निर्धारण, संस्थागत व्यवस्थापन, मानव संसाधन सम्बन्धी सवाल एवम् अनुगमन तथा मूल्याङ्कन कार्यलाई लैससासको दृष्टिकोणबाट सम्बोधन गर्नुपर्ने छ ।

*नोट : प्रदेश सरकार र स्थानीय तहले यी शर्तहरुको मर्म अनुरुप आ-आफ्नो तहमा उपर्युक्त शर्तहरु तोकी कार्यान्वयन गर्न सक्नेछन् ।*

परिच्छेद २

# आयोजना चक्रमा लैससास मूलप्रवाहीकरण

यस खण्डमा मन्त्रालयले लैससास मूलप्रवाहीकरणका लागि आयोजना चक्रका चरणमा अपनाउनुपर्ने आधारभूत बुँदा समावेश छन् । यस अन्तर्गत आयोजनाको आवश्यकता र पहिचान (२.१), आयोजनाको अवधारणा तथा पूर्व/सम्भाव्यता अध्ययन (२.२), विस्तृत योजना प्रतिवेदन तथा इन्जिनियरिङ डिजाइन (२.३), आयोजनाको मूल्याङ्कन तथा स्वीकृति (२.४), आयोजना कार्यान्वयन (२.५) आयोजना सञ्चालन (२.६) चरणबद्ध प्रगति मूल्याङ्कन र अनुगमन तथा मूल्याङ्कन (२.७) का प्रक्रिया पर्छन् । लैससासको मूलप्रवाहीकरणका यी चरण वार्षिक योजना एवम् कार्यक्रम तयार पार्ने क्रममा अपनाउनुपर्ने छ जसमा लैससास क्रियाकलाप, लैङ्गिक उत्तरदायी बजेट निर्धारण एवम् परिणामलाई एकीकृत गर्नु पर्छ ।

### २.१ आयोजनाको आवश्यकता र पहिचान

आयोजना पहिचानले सम्भाव्य आयोजनाको उद्देश्य एवम् कार्यक्षेत्रलाई परिभाषित गर्छ । यस चरणमा सम्भाव्य सम्पूर्ण वैकल्पिक योजनाका अवधारणा तयार गरी तिनको पूर्वसम्भाव्यता अध्ययन एवमं सामाजिक तथा वातावरणीय पक्षको मूल्याङ्कनसमेत गर्नु पर्छ । आयोजना पहिचानका क्रममा सामुदायिक तहमा विभिन्न वर्ग र ब्यक्ति (स्थानीय, महिला, अपाङ्गता भएका व्यक्ति, गरिब घरपरिवार, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायसँग) एवम् सामाजिक संघसंस्थाहरुसंग विस्तृत परामर्श एवम् छलफलद्वारा आयोजना क्षेत्रमा वञ्चित समूहको पहिचान एवम् उनीहरूको अवस्थाको अध्ययन विश्लेषण गर्नु पर्छ । यसबाट उनीहरूको अवस्था बुझ्नका लागि केही प्रश्न, जस्तै : आयोजनाबाट को को प्रभावित हुन्छन् ? आयोजनाबाट कस्ता प्रतिफल प्राप्त हुनेछन् र त्यसबाट को बढी लाभान्वित हुने छन् ? कसले के गुमाउने छन् ? आयोजनाबाट प्राप्त हुने प्रतिफल, अवसर र लाभ बाँडफाँटसम्मको पहुँचमा एवम् आयोजना पहिचान, डिजाइन तथा कार्यान्वयनलाई प्रभावकारी पार्ने क्रममा उनीहरूले कस्ता अवरोधको सामना गर्नु पर्छ ? सोको जवाफ गुणात्मक एवम् परिमाणात्मक तथ्याङ्कका आधारमा थाहा पाउनुपर्ने हुन्छ । वञ्चित समूहलाई विकासका आयोजनाबाट हुने लाभ प्राप्तिमा आइपर्न सक्ने अवरोधको पहिचान गर्नेतर्फ मात्र जोड दिएर पुग्दैन, ती समूहले सामना गर्नुपर्ने व्यावधान एवम् चाल्नुपर्ने कदमको पहिचान गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

आयोजना पहिचान गर्ने क्रममा आयोजना क्षेत्रभित्रका लैससासको आवश्यकता पहिचान गरी वर्तमान स्थितिबारे आयोजना तर्जुमा गर्ने टोलीलाई जानकारी गराउनु पर्छ । यसका लागि महिला, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायसँग सम्बन्धित तथ्याङ्कलाई खण्डीकृत गरी लैङ्गिक

तथा सामाजिक समावेशितालाई सुनिश्चित गर्ने सामाजिक नक्साङ्कन र लक्षित समूहहरूसँग छलफल, सार्वजनिक सुनुवाई जस्ता उपयुक्त विधिहरू प्रयोग गर्नु पर्छ । यस चरणमा सम्पन्न गर्नुपर्ने आवश्यक कार्यहरू तालिका १ मा प्रस्तुत गरिएको छ :

**तालिका १ : आयोजनाको आवश्यकता र पहिचानको चरण**

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|
| १ | राष्ट्रिय तथा स्थानीय सामाजिक र आर्थिक लक्ष्यलाई दृष्टिगत गरेर आयोजनाको आवश्यकता यकिन गर्ने | **जिम्मेवार निकाय** :<br>शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्वयन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइहरू<br>**सहयोगी निकाय** :<br>स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू<br>**सहकार्य र समन्वय** :<br>सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु | आयोजना राष्ट्रिय तथा स्थानीय लक्ष्यप्रति प्रतिबद्ध भएको हुनुपर्ने । यसका लागि आयोजनाको आवश्यकता र पहिचान सम्बन्धी दस्तावेजका आधारमा अनुगमन हुने । सो दस्तावेजमा आयोजना पहिचानका क्रममा चालिएका हरेक कदमबारे स्पष्ट प्रमाणसहित पेस गरिएको हुनुपर्ने र यसको पालना भयो, यसको भएन भनेर सम्बन्धित<br>सामाजिक शाखा वा एकाइले अनुगमन गर्ने<br>प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने |
| | आयोजना पहिचान गर्दा आयोजनाले त्यहाँको सामाजिक, आर्थिक विकासमा दिने योगदानको विश्लेषण गर्ने | | |
| | आयोजना पहिचानमा महिला, गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदाय, स्थानीय नागरिक समाज आदिको तथ्याङ्कलाई खण्डीकृत गरी सबैको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुका साथै सामाजिक नक्साङ्कन, छलफल, सार्वजनिक सुनुवाई जस्ता उपयुक्त औपचारिक र अनौपचारिक विधिको प्रयोग गर्ने | | |
| | राष्ट्रिय महत्त्वका आयोजनामा लैससास र यसको मूलप्रवाहीकरण परे नपरेको विश्लेषण तेस्रो पक्षबाट गर्ने | | |
| | महिला,गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदाय आदिका आवश्यकतालाई आयोजनामा प्राथमिकीकरण गर्ने र त्यस्ता आयोजनाका लागि निश्चित बजेट निर्धारण गर्ने | | |
| | आयोजनाको आवश्यकता र पहिचानका सन्दर्भमा कानुनी तथा बाध्यकारी व्यवस्था तयार गर्न पहल गर्नुका साथै क्षमता विकासका लागि बजेट व्यवस्था गर्ने | | |

## २.२ आयोजनाको सम्भाव्यता अध्ययन

आयोजनाको आवश्यकता पहिचान गर्दा सम्भावित विकल्पहरूको खोजी गर्ने क्रममा तयार पारिएका अवधारणा र योजनाबारे सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ । सम्भाव्यता अध्ययन गर्दा सम्भावित प्रत्येक वैकल्पिक अवधारणाका प्राविधिक, आर्थिक, वित्तीय तथा संस्थागत सवालसँग सम्बन्धित विस्तृत अध्ययनका साथै सामाजिक एवम् वातावरणीय पक्षको पनि गहन रुपमा मूल्याङ्कन गर्नु पर्छ । यसले आयोजनाका उद्देश्य, उपादेयता, कार्यक्षेत्र एवम् लागतको औचित्य पुष्टि गर्नुका साथै लक्षित समूहहरूमा आयोजनाबाट पर्नसक्ने सकारात्मक तथा नकारात्मक प्रभावबारे पनि विश्लेषण गर्न सहयोग पुग्छ । यस चरणमा सम्पन्न आवश्यक कार्यहरू तालिका २ मा प्रस्तुत गरिएको छ :

**तालिका २ : आयोजनाको सम्भाव्यता अध्ययन चरण**

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | अनुगमन तथा मूल्यात्तन |
|---|---|---|---|
| १ | वित्तीय पक्ष सरह बहुआयामिक सामाजिक र आर्थिक विश्लेषण गरी आयोजनाको सम्भाव्यता अध्ययन गर्ने | **जिम्मेवार निकाय :**<br>शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्वयन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइहरू<br>**सहयोगी निकाय :**<br>स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू<br>**सहकार्य र समन्वय :**<br>सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु | आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित काम कारबाही भए नभएको मूल्याङ्कन मन्त्रालय र मातहतका जिम्मेवार संस्थामा भए नभएको बारेमा सामाजिक शाखा वा एकाइ,<br>योजना शाखा र प्राविधिक कर्मचारीहरूले गर्ने ।<br>आवश्यकता अनुसार तेस्रो पक्षद्वारा पनि मूल्याङ्कन गराउने<br><br>प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने |
| | आयोजनाको सम्भाव्यता अध्ययन गर्ने टोली सबै लैङ्गिक र सामाजिक दृष्टिले समावेशी रूपमा गठन गर्ने व्यवस्था गर्ने (निजी परामर्शदाताको हकमा समेत) | | |
| | आयोजनाबाट पर्ने सामाजिक, आर्थिक तथा वातावरणीय प्रभावबारे अध्ययन गर्ने | | |
| | बाटोघाटो एवम् अन्य भौतिक पूर्वाधार निर्माण गर्ने क्रममा त्यहाँ रहेका स्थानीय, महिला, गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदाय, आदिलाई समावेशी ढङ्गबाट समेटेर आयोजनाको सम्भाव्यता अध्ययन गर्ने | | |

## २.३ विस्तृत योजना प्रतिवेदन तथा इन्जिनियरिङ डिजाइन

यस चरणमा सम्भाव्यता अध्ययनबाट सिफारिस भएको सबैभन्दा उपयुक्त विकल्पको विस्तृत योजना तर्जुमा गर्नु पर्छ । यसका अतिरिक्त उपयुक्त आवश्यक नीति, कार्यक्रम, क्रियाकलाप, स्रोत साधनको व्यवस्था, कर्मचारी लगायत संस्थागत व्यवस्था तथा प्रोत्साहनका साथै अनुगमनलाई सहज हुने सूचकहरूसमेत निर्धारण गर्नु पर्छ । आयोजनाको डिजाइनमा लैससासलाई सहजीकरण गर्ने मानक, संहिता, मार्गदर्शन र मापदण्डको पूर्ण पालना गर्नुपर्ने छ । यस सम्बन्धमा चालिनुपर्ने मुख्य कार्यहरू तालिका ३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३ : विस्तृत योजना प्रतिवेदन र इन्जिनियरिङ डिजाइनको चरण**

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|
| १ | विस्तृत योजना तर्जुमा तथा विस्तृत डिजाइन गर्दा स्थानीय, महिला,गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदाय आदिको समावेशी ढङ्गबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने | **जिम्मेवार निकाय** : शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्वयन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइहरू<br>**सहयोगी निकाय** : स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू<br>**सहकार्य र समन्वय**: सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु | आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित काम कारबाही भए नभएको मूल्याङ्कन मन्त्रालय र मातहतका जिम्मेवार संस्थामा भए नभएको बारेमा सामाजिक शाखा वा एकाइ, योजना शाखा र प्राविधिक कर्मचारीहरूले गर्ने । आवश्यकता अनुसार तेस्रो पक्षद्वारा पनि मूल्याङ्कन गराउने<br>प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने |
| | महिला, अपाङ्गता भएका व्यक्ति, अशक्त, बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक विविधतालाई ध्यानमा राखेर पूर्वाधार डिजाइन गर्ने | | |
| | योजना र डिजाइन स्वीकृत गर्दा लैससास पक्षलाई अनिवार्य रूपमा समावेश गर्ने | | |
| | योजना तर्जुमा तथा डिजाइन गर्ने परामर्शदाताका कार्य सर्तहरूमा लैससास र मूलप्रवाहीकरणको विषय अनिवार्य रूपमा समावेश गर्ने | | |
| | राष्ट्रिय भवनसंहिता, पहुँचयुक्तताका विश्वव्यापी मान्यता र अन्य मार्गनिर्देश तथा पहुँचयुक्तता निर्देशिकामा उल्लेख भएका कुरालाई ख्याल गरी पहुँचयुक्त डिजाइनको मर्म र मापदण्डको पालना हुने गरी यस मार्गदर्शनको अनुसूची १ मा उल्लेखित मापदण्ड अनुरुप सार्वजनिक पूर्वाधारहरूको डिजाइन गर्ने । पुराना भवन संरचनाको मर्मत तथा प्रबलीकरण गर्दा पहुँचयुक्त ढाँचामा मर्मत तथा प्रबलीकरण गर्ने । त्यसका लागि रुजुसूची प्रयोग गर्ने | | |

### २.४ आयोजना मूल्याङ्कन तथा स्वीकृति

आयोजना स्वीकृत गर्नु अगावै आयोजना तयारी चरणमा भएका अध्ययन, उपलब्ध विकल्प, प्राप्त सुझावहरू एवम् आयोजना कार्यान्वयन आदिका विविध पक्षबाट समीक्षा तथा मूल्याङ्कन गर्नु पर्छ । प्रचलित कानुनी व्यवस्था तथा स्थापित विभिन्न मानक, संहिता तथा मापदण्डहरूका आधारमा प्रस्तावित आयोजनाको मूल्याङ्कन गरी स्वीकृत गर्ने निकायसमक्ष प्रतिवेदन पेस गर्नुपर्ने छ । प्रस्तावित आयोजनामा लैससासका सवाललाई उचित ढङ्गले सम्बोधन गर्न निम्न विषयमा ध्यान दिनुका अतिरिक्त तालिका ४ मा उल्लेख भएका प्रावधानको पालनासमेत गर्नुपर्ने छ :

क. आयोजना विवरण र डिजाइनमा महिला, गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायको संलग्नताको स्तर के कस्तो छ ? आयोजनाको डिजाइनमा उनीहरूका आवश्यकता एवम् निर्धारित प्रक्रियाहरू समावेश भएका छन् कि छैनन् ?

ख. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायको विद्यमान अवस्थालाई आयोजनाले उचित ढङ्गले पहिचान गरेको छ कि छैन ?

ग. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायले भोगिरहेका समस्या एवम् क्षमता अभिवृद्धिका विषयलाई सम्बोधन गर्न आयोजनाका स्रोत साधन र अवसरमा पहुँच एवम् आयोजनाबाट लाभ प्राप्तिका लागि के कस्ता कदम चालिएका छन् ?

घ. लैससासका विषयलाई सम्बोधन गर्न के कस्ता नीतिगत प्रावधान, निर्देशन एवम् संस्थागत प्रावधान रहेका छन् ?

ङ. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायलाई स्रोत साधन र अवसरहरूमा पहुँचका लागि बाधक विभिन्न सामाजिक, सांस्कृतिक अवरोधहरूलाई सम्बोधन गरी आयोजनामा उनीहरूको प्रभाव बढाउन तथा उपलब्ध सुविधा उपभोग गर्नसक्ने क्षमता विकास गर्नका लागि के कस्ता क्रियाकलाप प्रस्ताव गरिएका छन् ?

च. सेवा प्रदायकलाई लैससासप्रति उत्तरदायी बनाउन क्षमता अभिवृद्धिका सम्बन्धमा के के प्रस्ताव गरिएका छन् ?

छ. अनुगमन, मूल्याङ्कन एवम् प्रतिवेदनका लागि आवश्यक खण्डीकृत तथ्याङ्कबाट महिला, अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको तथा अल्पसङ्ख्यक समुदायमा पर्ने प्रभावका कारण उत्पन्न परिणामको अनुगमन गर्न सकिन्छ कि सकिँदैन ?

### तालिका ४ : आयोजना मूल्याङ्कन तथा स्वीकृतिको चरण

<table>
<tr><th>क्र.सं.</th><th>कार्य</th><th>जिम्मेवार निकाय</th><th>अनुगमन तथा मूल्याङ्कन</th></tr>
<tr><td rowspan="4">१</td><td>आयोजना प्रस्तावमा विद्यमान कानुनी व्यवस्थाको पालना भए नभएको हेर्नुका साथै महिला, गरिब घरपरिवार, अपाङ्गता भएका व्यक्ति, अशक्त, बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक विविधतामैत्री आयोजनालाई विशेष प्राथमिकतामा राखी स्वीकृत गर्ने</td><td rowspan="4"><u>जिम्मेवार निकाय</u> :<br><br>शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्वयन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइहरू<br><br><u>सहयोगी निकाय</u> : स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू<br><br><u>सहकार्य र समन्वय</u> :<br><br>सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु</td><td rowspan="4">आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेखित काम कारबाही भए नभएको मूल्याङ्कन मन्त्रालय र मातहतका जिम्मेवार संस्थामा भए नभएको बारे सामाजिक शाखा वा एकाइ, योजना शाखा र प्राविधिक कर्मचारीले गर्ने<br><br>प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने<br><br>आयोजना र डिजाइनमा तत्काल परिमार्जन गर्नुपर्ने भए गराएर मात्र स्वीकृति दिने</td></tr>
<tr><td>आयोजना र डिजाइनमा महिला, अपाङ्गता भएका व्यक्ति, अशक्त, बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक विविधतालाई समावेश गराउन केही परिमार्जन गर्नुपरे त्यसो गरेर मात्र स्वीकृत गर्ने</td></tr>
<tr><td>आयोजना मूल्याङ्कन र स्वीकृतिका लागि छलफल गर्न आयोजना गरिने बैठक, गोष्ठी आदि कार्यक्रम समावेशी र सहभागितामूलक गराउने</td></tr>
<tr><td>जग्गा अधिग्रहण गर्नुपर्ने तथा सर्वसाधारणसँग प्रत्यक्ष रूपमा जोडिने विषयमा स्थानीय भाषामा योजनाबारे जानकारी गराउने तथा पूर्वसूचना दिएर समावेशी सहभागिताका आधारमा मात्र आयोजना स्वीकृत गर्ने</td></tr>
</table>

## २.५ आयोजना कार्यान्वयन

आयोजना कार्यान्वयन चरणमा अन्तिम इन्जिनियरिङ डिजाइन, बोलपत्र सम्बन्धी कागजातको तयारी, अन्य निर्माणपूर्व गरिने कार्यहरू *(जस्तै : जग्गा प्राप्ति, सम्बन्धित निकायहरूबाट प्राप्त हुने स्वीकृति, पूर्वाधार विकासका अन्य कार्यालयहरूसँग समन्वय आदि)* पूरा गरी बोलपत्र आह्वान, उपभोक्ता समिति वा निर्माण व्यवसायीसँग सम्झौता, निर्माण अथवा आवश्यक उपकरणको जडान जस्ता विषयलाई समेट्नु पर्छ । निर्माणबाहेक अन्य क्रियाकलापमा सचेतना, जागरण, अभिमुखीकरण, तालिम एवम् संस्थागत विकास आदि पर्छन् । यस चरण अन्तर्गत आयोजना व्यवस्थापन, गुणस्तरको प्रत्याभूति, कार्य सम्पादन तथा प्रगति प्रतिवेदन र अनुगमन तथा

लक्षित समूहहरू (लाभग्राही र आयोजनाबाट प्रभावित दुबै) को सहभागिता पनि पर्छन् । यस चरण अन्तर्गत लैससासको दृष्टिकोणबाट समावेश गरिनुपर्ने कार्यहरू तालिका ५ अनुसार छन् :

**तालिका ५ : आयोजना कार्यान्वयनको चरण**

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|
| १ | बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्रचलित कानुन बमोजिम गर्ने र निजी क्षेत्र तथा व्यवसायीहरूसँग महिला, अपाङ्गता भएका व्यक्ति, अशक्त, बालबालिका, ज्येष्ठ नागरिक र लैङ्गिक विविधतालाई समावेशी हुने हिसाबले कार्यान्वयन गर्ने पूर्वसर्तसहित सम्झौता गर्ने | **जिम्मेवार निकाय :**<br>शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्यवन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइ<br>**सहयोगी निकाय :**<br>स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू<br>**सहकार्य र समन्वय :**<br>सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु | आयोजना कार्यान्वयनका क्रममा आवधिक रूपमा सामाजिक शाखा वा एकाइ, योजना शाखा तथा योजना कार्यान्वन एकाइबाट मूल्याङ्कन गर्ने व्यवस्थाका साथै त्यस्तो मूल्याङ्कनका लागि आवश्यक भएमा स्रोत साधनको व्यवस्था गरी तेस्रो पक्षबाट अनुगमन र मूल्याङ्कन गराउने<br><br>प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने |
| | आयोजनाको आवधिक प्रगति प्रतिवेदन पेस गर्दा तथा प्रगति समीक्षा गर्दा लैससास पक्षको पनि विवरण अनिवार्य रूपमा समावेश गर्ने | | |
| | आयोजना कार्यान्वयनका लागि गठन हुने समिति र बैठक, कार्यक्रममा प्राविधिक र प्रशासनिक कर्मचारी तथा अन्य सहभागीको समावेशी सहभागिता सुनिश्चित गर्ने | | |
| | योजना कार्यान्वयन गर्दा गराउँदा स्थानीय सरोकारवालाहरूका लागि नेपाली भाषाका अतिरिक्त स्थानीय भाषामा योजनाबारे जानकारी गराउने र सूचना प्रसारण गर्ने | | |
| | आयोजना कार्यान्वयन गर्दा समान तहका कर्मचारी तथा कामदारलाई लैङ्गिक तथा सामाजिक विभेद नहुने गरी समान पारिश्रमिक र सुरक्षित कार्यस्थलको सुनिश्चितता गर्ने । साथै बालश्रमको प्रयोगमा पूर्ण प्रतिबन्ध लगाउने | | |
| | आयोजना कार्यान्वयन गर्दा प्राविधिक, परामर्शदाता तथा कामदारको समावेशी सहभागिता सुनिश्चित गर्ने | | |
| | आयोजना कार्यान्वयनमा लैससास सुनिश्चित गर्न राष्ट्रिय भवनसंहिता विभिन्न मार्गनिर्देशन तथा यस मार्गनिर्देशनको पूर्ण पालन गर्ने गराउने | | |

## २.६ आयोजना हस्तान्तरण तथा सञ्चालन

आयोजनाको निर्माण कार्य पूरा भइसकेपछि सञ्चालनका लागि सम्बन्धित कार्यालय, उपभोक्ता समूह वा लाभग्राही समूहलाई आयोजना हस्तान्तरण गर्नुपर्ने हुन्छ । आयोजना हस्तान्तरण गरेर लिने संस्था वा समूहले सञ्चालनका क्रममा दैनिक सञ्चालन एवम् आयोजनाका विभिन्न अवयवको आवधिक निरीक्षण, आवश्यकता अनुसार आवधिक, नियमित वा आकस्मिक मर्मत सम्भार जस्ता कार्य गर्नुपर्ने हुन्छ । यस क्रममा लैससासको दृष्टिकोणबाट आयोजनाको उपादेयता, प्रभाव मूल्याङ्कन तथा सुधारका उपायहरू सुझाव गर्ने तथा सुझाव कार्यान्वयनका लागि भौतिक, वित्तीय, यान्त्रिक तथा मानवीय स्रोत साधनको व्यवस्था गर्नु आवश्यक हुन्छ । यस चरणमा लैससासको दृष्टिकोणबाट सम्पादन हुनुपर्ने प्रमुख कार्यहरू तालिका ६ मा प्रस्तुत गरिएको छ :

**तालिका ६ : आयोजना हस्तान्तरण तथा सञ्चालनको चरण**

| क्र.सं. | कार्य | जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|
| १ | आयोजना सञ्चालनका क्रममा लैससासको मर्म अनुरूप निर्मित पूर्वाधारहरूको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भार गर्ने सर्त तोकी सम्बन्धित निकाय, उपभोक्ता समूह वा लाभग्राही समूहलाई आयोजना हस्तान्तरण गर्ने | **जिम्मेवार निकाय** : शहरी विकास मन्त्रालय, आयोजना समन्वय कार्यालय, योजना कार्यान्यवन एकाइ, सम्बन्धित सामाजिक शाखा वा एकाइ, आयोजना हस्तान्तरण गरेर लिने निकाय वा समूह **सहयोगी निकाय** : स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवाला निकायहरू **सहकार्य र समन्वय**: सम्बन्धित प्रदेशका मन्त्रालय, निर्देशनालय, विभाग, शाखा तथा स्थानीय तहका सम्बन्धित महाशाखा/शाखाहरु | सम्बन्धित सामाजिक शाखा वा एकाइले गरेको अध्ययन तथा मूल्याङ्कन र अन्य सान्दर्भिक प्रतिवेदनहरूका सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने प्रदेश र स्थानीय तहको हकमा सम्बन्धित एकाइले अनुगमन गर्ने |
| | मार्गदर्शन लागू हुनुपूर्व निर्मित पूर्वाधार तथा संरचनाहरूलाई अपाङ्गता भएका व्यक्ति गर्भवती महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यक लगायत सबैका लागि पहुँचयुक्त बनाउनका लागि लैससास प्रबलीकरण योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | | |
| | सञ्चालनमा आएको आयोजनाको लैससासको दृष्टिकोणबाट विश्लेषण गरी आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परेका प्रभावको विस्तृत अध्ययन तथा मूल्याङ्कन गरी भविष्यमा समान प्रकृतिका योजना तर्जुमा गर्दा सुधार हुनुपर्ने विषय सिफारिस गर्ने | | |

## २.७ चरणबद्ध प्रगति मूल्याङ्कन तथा अनुगमन

अनुगमन तथा मूल्याङ्कनलाई आयोजनाको अन्त्यमा मात्र सम्पादन गर्ने गतिविधिका रूपमा लिँदा आयोजनामा समावेश गर्नैपर्ने पक्षहरू छुटेको अवस्थामा तिनलाई सम्बोधन गर्न नसकिने वा ज्यादै खर्चिलो हुनजाने सम्भावना रहन्छ । तसर्थ लैससासको सफल कार्यान्वयन सुनिश्चित गर्न प्रत्येक चरणमा नियमित रूपमा गरिने कार्यका रूपमा नै अनुगमन तथा मूल्याङ्कन पनि गर्नु आवश्यक हुन्छ । यसो गर्दा आयोजना व्यवस्थापक तथा योजनाकारहरूलाई सुधारका आवश्यक क्षेत्रहरूको पहिचान गर्न सहयोग पुग्नुका साथै प्राप्त नतिजाका आधारमा आयोजना डिजाइनमा सुधार गरी निर्दिष्ट उद्देश्य प्राप्त गर्न सकिन्छ । साथै, महत्त्वपूर्ण उपलब्धिका रूपमा प्राप्त जानकारीलाई तत्काल र भविष्यमा पनि अन्य आयोजनाहरूमा प्रयोग तथा पुनरावृत्ति गर्न सकिन्छ ।

## २.८ लैससास तथा पहुँचयुक्तता परीक्षण

लैससास तथा पहुँचयुक्तता परीक्षण सम्बन्धी रुजुसूचीलाई आधार मानी सम्पन्न हुने आयोजना तथा भौतिक पूर्वाधारको पहुँचयुक्तता परीक्षण गरी प्राप्त नतिजाको आधारमा भविष्यको लागि सुधार एवम् निर्माणाधीन आयोजना र पूर्वाधारमा रहेका कमीकमजोरीलाई समयमै सच्याउन लैससास तथा पहुँचयुक्तता परीक्षण गर्नुपर्छ । हरेक आयोजनाले उक्त परिक्षणका लागि आवश्यक पर्ने बजेट विस्तृत योजनामै समेट्नु पर्छ । उक्त परीक्षण गर्दा भौतिक पूर्वाधार विज्ञ र सामाजिक विज्ञ सम्मिलत एक विज्ञ टीम परिचालन गर्नुपर्छ ।

परिच्छेद ३

# विषयगत क्षेत्रहरूमा लैससास मूलप्रवाहीकरण सम्बन्धी विशेष व्यवस्था

संघ र प्रदेश सरकार एवम् स्थानीय तह लगायत विकास साझेदार संघसंस्थाले समग्र आयोजना चक्रमा ध्यान दिनुपर्ने विषयको विस्तृत विवरण परिच्छेद २ मा उल्लेख भएको हुँदा शहरी विकास मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने सम्बन्धित विषयगत क्षेत्रमा विशेष रूपमा हेरिनुपर्ने थप विषयवस्तुलाई मात्र यस परिच्छेदमा समेटिएको छ । तसर्थ मन्त्रालय मातहत र सम्बद्ध निकाय वा संघसंस्था हरुद्धारा लैससासको मूलप्रवाहीकरणलाई सुनिश्चित गर्न परिच्छेद २ का साथै यस परिच्छेदमा रहेका सम्बन्धित प्रावधानको समेत समग्रतामा परिपालना अनिवार्य हुनेछ भने प्रदेश सरकार र स्थानीय तहले यी प्रावधानका मर्मलाई अनुशरण गर्न सक्नेछन् । कार्यगत सरलताका लागि यस परिच्छेदमा मन्त्रालय अन्तर्गतका र मन्त्रालयसँग सम्बन्धित कार्यक्षेत्रलाई तालिका ७ मा प्रस्तुत गरिएको छ । सो तालिकामा आयोजनाको प्रत्येक चरणमा उक्त कार्यक्षेत्रसँग सम्बन्धित कार्यहरूका सन्दर्भमा आकर्षित हुने विषयवस्तुलाई साङ्केतिक रूपमा उल्लेख गरिएको छ, जसको विस्तृतीकरण निम्न अनुसार रहेको छ ः

### १. लक्षित समूह सम्बन्धी विषय

क) प्राथमिक तहको तथ्याङ्क वा सामूहिक भेला गरेर लैससाससँग सम्बन्धित समूहको आवश्यकता बुझ्ने,

ख) आयोजनाबारे परिचय पुस्तिका सकभर स्थानीय भाषामा सबैले बुझ्ने गरी तयार पारी वितरण गर्ने,

ग) विस्तृत परियोजना प्रतिवेदनमा लैससाससँग सम्बन्धित स्थानीय समुदाय तथा वर्गको आवश्यकता अनुरूपका सेवासुविधा समावेश भएको सुनिश्चित गर्ने,

घ) मन्त्रालय अन्तर्गतका र मन्त्रालयसँग सम्बन्धित निकायहरूमा गठन हुने विभिन्न प्रकारका समिति, उपसमिति, कार्यसमूह आदिमासबै समुदाय तथा वर्गको प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गर्ने,

ङ) आयोजनाबाट विस्थापन हुने वा स्थानान्तरण गर्नुपर्ने समूहमा वञ्चित समूहलाई प्राथमिकता क्रममा राखी क्षतिपूर्ति, सहुलियत तथा मुआब्जा वितरण गर्ने ।

## २. शहरी योजना तथा पूर्वाधार सम्बन्धी विषय

च) निश्चित दूरीमा आवश्यक सङ्ख्यामा समावेशी शौचालय, आरामस्थल, समावेशी सडक, समावेशी यातायात प्रणाली जस्ता विषयको न्यूनतम मानक बनाई शहरी योजना सम्बन्धी मानकमा समावेश गर्ने र सो नहुँदासम्म अन्यत्र प्रचलनमा रहेका मानकलाई आधारका रूपमा लिई योजना तर्जुमा गर्ने,

छ) शहरी योजना सम्बन्धी मानकमा समावेश भएका विषयमा सोही बमोजिम र समावेश भइनसकेका विषयमा अनुसूची १ का सम्बन्धित खण्डहरू लागू गर्ने ।

## ३. बस्ती तथा आवास विकास सम्बन्धी विषय

ज) विपन्न वर्ग लक्षित आवास योजनामा कानुनद्वारा निर्दिष्ट घडेरीको न्यूनतम आकार कायम नै राखी जग्गा सामूहिक स्वामित्वमा र आवास एकाइ भने व्यक्तिगत स्वामित्वमा रहने गरी खण्डीकरण गरेर किफायती आवास विकास गर्ने,

झ) विपन्न वर्ग, घर जग्गाविहीन, अव्यवस्थित बसोबासी तथा सुकुम्बासी परिवारलाई अन्यत्र स्थानान्तरण गर्दा स्थानान्तरण हुने परिवारको रोजगारी, उपलब्ध हुनसक्ने अर्थोपार्जनका अवसर, साविक बसोबासको स्थानको तुलनामा दैनिक जीविकोपार्जनको लागत आदि विषयसमेत विश्लेषण गरी उपयुक्त स्थानको पहिचान गर्नुपर्ने,

ञ) जग्गा विकास योजनामा विकसित घडेरीको निश्चित अंश (अन्यथा व्यवस्था नभएमा कम्तीमा ५ प्रतिशत) विपन्न वर्गका लागि न्यून लागतमा उपलब्ध गराउनुपर्ने ।

## ४. भवन तथा वास्तुकला सम्बन्धी विषय

ट) भवन संहितामा समावेशी कार्यकक्ष, शौचालय, प्रवेश मार्ग जस्ता विषयको न्यूनतम सूचक समावेश गर्ने,

ठ) भवन संहितामा समावेश भएका विषयमा सोही बमोजिम र समावेश भइनसकेका विषयमा अनुसूची १ का सम्बन्धित खण्ड लागू गर्ने ।

- भवन डिजाइन गर्ने क्रममा प्रयोगकर्ता, लाभग्राहीका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक विविधतामैत्री बनाउने र उनीहरूका भवन र वास्तुकलाबाट चाहेको अपेक्षाबारे समावेशी रूपमा बुझी डिजाइनमा उतार्ने,
- भवन डिजाइन र निर्माण गर्ने क्रममा प्रयोगकर्तामैत्री स्थानीय स्रोत साधन, वास्तुकला, तथा प्रक्रियालाई विशेष प्राथमिकता दिने,
- वास्तुकला डिजाइनले भवनभित्रका ठाँउलाई पँहुचयोग्य बनाउनुका साथै प्रकाश, तापक्रम जस्ता कुरालाई पनि ध्यान दिने,
- भवन निर्माण गर्ने क्रममा डिजाइन अनुसार महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक विविधतामैत्री भए नभएको मूल्याङ्कन समावेशी सहभागिताबाट गर्ने ।

५. **कार्यालय तथा स्रोत साधनको व्यवस्थापन सम्बन्धी विषय**

ड) योजनाको लागत तर्जुमा गर्दा लैससास एकाइ स्थापना तथा सञ्चालन खर्चको लागत पनि प्रशासनिक/व्यवस्थापकीय खर्चका रूपमा समावेश गर्ने,

ढ) बजेट बाँडफाँट र योजना स्वीकृतिका लागि अनुसूची २ बमोजिम योजनाको प्राथमिकता तय गर्ने,

ण) अनुगमन तथा प्रभाव मूल्याङ्कन गर्दा लैससास पक्षको पनि अनिवार्य अनुगमन र मूल्याङ्कन समावेश गर्ने,

त) सम्बन्धित कार्यालयको लैसासास एकाइले प्रमाणित गर्ने र यस मार्गदर्शनमा भएका प्रावधान पूर्ण पालना भए नभएको हेरी सिफारिस गर्नुका साथै लैससास पालना भएको सुनिश्चित गरेर मात्र ऋण वा अनुदानको निकासा गर्ने,

थ) सम्झौतामा भएका लैससास सम्बन्धी प्रावधान पालना भए नभएको तालिका ५ को क्र. सं. १ मा र ४.५ को 'ख' मा भएको बुदाका आधारमा मूल्याङ्कन गरी सिफारिस गर्नुपर्ने र बिल भुक्तानी सिफारिस गर्दा सुपरभाइजरले लैससासको पालना भएको व्यहोरा प्रमाणित गर्नुपर्ने,

द) निर्माण व्यवसायी, मालसामानको आपूर्तिकर्ता तथा परामर्शदातासँग गरिने करार सम्झौतामा लैससासको पूर्ण पालना गर्ने गराउने प्रतिबद्धताका सर्तसहित सम्झौता गर्ने,

ध) आयोजनामा खटिने सबै कर्मचारी तथा कामदारले लैससासको पूर्ण पालना गर्ने शपथ लिनुपर्ने,

न) कार्यक्षेत्रमा लैङ्गिक तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता बमोजिम उपयुक्त सरसुविधा (शिशु स्याहार, शौचालय, स्नानागार, र्‍याम्प, भोजन कक्ष आदि) उपलब्ध गराउने,

प) समय समयमा लैससास सम्बन्धी तालिम, अभिमुखीकरण, अध्ययन भ्रमण लगायत क्षमता विकासका कार्यहरू र सबै प्रकारका तालिम, अनुशिक्षण, अभिमुखीकरण, अवलोकन भ्रमण र छात्रवृत्ति (स्वदेश तथा विदेश दुबै) मा सहभागीहरूको छनौट लैससासमैत्री तथा समावेशी प्रकृतिको हुने व्यवस्था मिलाउने,

फ) आयोजनाको लैससास एवम् पहुँचयुक्तताको परीक्षण गर्ने ।

तालिका ७ : विषयगत क्षेत्रहरूमा लैससास मूलप्रवाहीकरण सम्बन्धी पालना गर्नुपर्ने विशेष व्यवस्थ

| क्षेत्र तथा उपक्षेत्र | आयोजनाको चरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पहिचान | सम्भाव्यता | डिजाइन | स्वीकृति | कार्यान्वयन | प्रगति समीक्षा | अनुगमन |
| **क) शहरी विकास** | | | | | | | |
| **भौतिक पूर्वाधार विकास :** | | | | | | | |
| शहरी सडक निर्माण | क, ख | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| खानेपानी र सरसफाई प्रणाली | क, ख | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| अन्य शहरी सेवा प्रणाली | क, ख | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| जग्गा विकास योजना | क, ख, घ | क, ख, झ, ञ, | ग, च, छ | ड, ढ | ङ, ञ, त, थ, द, ध, न | ण | ण |
| शहरी विकास योजना | क, ख, घ | क, ख, झ, ञ, | ग, च, छ | ड, ढ | ङ, ञ, त, थ, द, ध, न | ण | ण |
| **सामाजिक पूर्वाधार विकास :** | | | | | | | |
| पार्क, खुला क्षेत्र | क, ख, घ | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| **आर्थिक पूर्वाधार विकास :** | | | | | | | |
| आयमूलक योजना | क, ख, घ | क, ख | ग | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| औद्योगिक क्षेत्र | क, ख, घ | क, ख | ग | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| **ख) स्थानीय पूर्वाधारमा पहुँच** | | | | | | | |
| स्थानीय सडक | क, ख | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खानेपानी र सरसफाई | क, ख, घ | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| खुला स्थान, पार्क, उद्यान | क, ख, घ | क, ख | ग, छ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| **ग) वस्ती तथा आवास विकास** | | | | | | | |
| एकीकृत वस्ती विकास वा स्थानान्तरण | क, ख, घ | क, ख, झ, ञ | ग, च, छ, ज | ड, ढ | ङ, ञ, त, थ, द, ध, न | ण | ण |
| संयुक्त आवास (भाडा वा स्थायी) | क, ख, घ | क, ख | ग, ज, ठ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| अस्थायी आवास/पुनर्वास | क, ख, घ | क, ख | ग, ज, ठ | ड, ढ | | ण | ण |
| घडेरी तथा सेवा योजना | क, ख, घ | झ, ञ | ग, छ, ज | ड, ढ | ङ, ञ, त, थ, द, ध, न | ण | ण |
| **घ) भवन तथा वास्तुकला** | | | | | | | |
| भवन निर्माण | क, ख | क, ख | ग, ट, ठ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| भवन मर्मत सम्भार | क, ख | क, ख | ग, ट, ठ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |
| भवन सञ्चालन | क, ख | क, ख | ठ | ड, ढ | ङ, त, थ, द, ध, न | ण | ण |

| क्षेत्र तथा उपक्षेत्र | आयोजनाको चरण |
|---|---|
| **ङ) संस्थागत व्यवस्था** | |
| नीति निर्माण | क, ख, घ, प |
| ऐन तथा नियमावली तर्जुमा | क, ख, घ, प |
| गठन आदेश तर्जुमा | क, घ, प |
| निर्देशिका, मानक, संहिता तर्जुमा | क, ख, घ, ट, प |

## परिच्छेद ४

# लैससास कार्यान्वयनको संस्थागत व्यवस्था

लैससास मार्गदर्शन कार्यान्वयनका लागि केन्द्रमा मन्त्रालय र मातहतका महाशाखाहरूका साथै शाखा तहसम्म उपयुक्त संरचनाको व्यवस्था आवश्यक हुन्छ । लैससास मार्गदर्शनको प्रभावकारी कार्यान्वयनका लागि विद्यमान संस्थागत संरचनाहरूमा सुधार तथा क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । लैससास र यसको सञ्चालन सम्बन्धमा मन्त्रालय एवम् अन्य सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वय हुनु जरुरी हुन्छ । यसका लागि मन्त्रालयसँग सम्बन्धित एवम् मातहतका निकाय, कार्यालय र आयोजना एवम् प्रदेश र स्थानीय तहमा कार्यविवरणसहितको विशेष उत्तरदायित्व तोक्नु पर्छ । संस्थागत तहमा प्राथमिकता निर्धारण गरी लैससास कार्यान्वयन गर्न पर्याप्त मात्रामा स्रोत साधनको बाँडफाँट गर्नुका साथै लैससास मूलप्रवाहीकरणका लागि सम्पूर्ण सरोकारवालाबीच समन्वयात्मक प्रयास गर्नु पर्छ ।

### ४.१ मन्त्रालय तह

मन्त्रालय स्तरमा शहरी विकास महाशाखा अन्तर्गत सामाजिक समन्वय शाखा रहेको छ । वरिष्ठ समाजशास्त्रीको नेतृत्वमा यस शाखा अन्तर्गत एकजना इन्जिनियर, एकजना शाखा अधिकृत र एकजना नायब सुब्बा रहने व्यवस्था छ । यो शाखा मन्त्रालय अन्तर्गत सञ्चालन हुने लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पूर्ण कार्यका लागि उत्तरदायी रहने छ ।

मन्त्रालयको सामाजिक समन्वय शाखाको कार्यविवरण निम्न अनुसार हुने छ :

क) शहरी विकास मन्त्रालय अन्तर्गतका महाशाखा, शाखाहरूलाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैससास लागू तथा कार्यान्वयन गर्न समन्वय गर्ने र सोका लागि आवश्यक सल्लाह र सुझाव दिने,

ख) लैससास सम्बन्धी विवरणहरूसमेत रहने गरी प्रगति समीक्षाका साथै चौमासिक र वार्षिक प्रतिवेदन तयार गर्ने,

ग) यस मार्गदर्शनका आधारमा मन्त्रालय अन्तर्गतका निकाय र सम्बद्ध संघसंस्थासँग सम्बन्धित सबै निकायहरूका लागि आवश्यक पर्ने लैससास सम्बन्धी कार्यसूची तथा कार्यविवरण तयार गरी लागू गराउने,

घ) मन्त्रालय अन्तर्गतका र मन्त्रालयसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड लगायतका दस्तावेजहरूलाई लैससास अनुकूल बनाउन आवश्यक संशोधन र परिमार्जनका लागि मन्त्रालय तहमा सहजीकरण गर्ने र सोका लागि आवश्यक सल्लाह र सुझाव दिने,

ङ) लैससास सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न अल्पकालीन, मध्यकालीन एवम् दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने र गराउने,

च) लैससासको उद्देश्य प्राप्तिका लागि प्रदेश सरकार तथा स्थानीय तहहरूसँग मन्त्रालयका तर्फबाट समन्वय र सहकार्य गर्ने,

छ) खण्डीकृत तथ्याङ्क सङ्कलन लगायत यस मार्गदर्शनको पालना गर्नका लागि आवश्यक पर्ने कार्यविधि, फाराम आदि तर्जुमा गरी सरोकारवालाहरूलाई उपलब्ध गराउने,

ज) लैससासका सम्बन्धमा विभिन्न निकाय तथा सरोकारवालाहरूबाट माग भएका विषयमा राय सुझाव तथा विषयगत सहयोग उपलब्ध गराउने,

झ) मन्त्रालय अन्तर्गतका निकाय र सम्बद्ध संस्थाहरुबाट प्रस्ताव हुने वार्षिक कार्यक्रमहरूमा योजना शाखासँग समन्वय गरी लैससासका विषय समावेश गराउने,

ञ) लैङ्गिक उत्तरदायी बजेटका सन्दर्भमा अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने,

ट) लैससाससँग सम्बन्धित कार्य गर्ने अन्य सङ्घ तथा प्रदेश तहका मन्त्रालय, विभाग, कार्यालय, स्थानीय तह, विकास साझेदार, नागरिक समाज, सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य तथा क्षमता विकासका कार्यहरू गर्ने,

ठ) लैससास सम्बन्धी आवश्यकता परिपूर्ति गर्न आवश्यक अन्य कार्यहरू गर्ने, गराउने,

ड) आयोजनाको लैससास एवम् पहुँचयुक्तता परीक्षणमा नेतृत्व र सहजीकरण गर्ने,

ढ) लैससास सम्बन्धि प्रभाव अध्ययान र स्थिति प्रतिवेदन तयार पार्ने ।

### ४.२ विभाग तह

हाल मन्त्रालय मातहतमा शहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय पूर्वाधार विभाग रहेका छन् । यी विभागको मातहतमा विभिन्न महाशाखा र कार्यालयहरू, विभिन्न आयोजना कार्यालयहरू क्रियाशील छन् । लैससास सम्बन्धी कार्य सम्पादन गर्ने प्रयोजनका लागि यी दुबै विभागमा एक जना समाजशास्त्रीको नेतृत्वमा लैससास शाखा स्थापना गर्नुपर्ने छ । उक्त शाखाको कार्यविवरण निम्न अनुसार हुने छ :

क) विभागमा लैससास मार्गदर्शन बमोजिमका कार्य गर्न अल्पकालीन, मध्यकालीन एवम् दीर्घकालीन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

ख) आयोजना चक्रमा लैससालाई समाहित गर्दै लैजान आवश्यक सहजीकरण गर्ने,

ग) लैससास मार्गदर्शनको कार्यान्वयन अवस्थाबारे प्रगति समीक्षा एवम् प्रतिवेदन प्रस्तुत गर्ने,

घ) आवश्यक खण्डीकृत तथ्याङ्क सङ्कलनको व्यवस्था गर्ने,

ङ) लैङ्गिक दृष्टिकोणबाट देखिएका असमानताको विश्लेषण, समस्याको पहिचान र सुधारका लागि आवश्यक सुझाव प्रदान गर्ने,

च) विभिन्न निकाय, निर्माण व्यवसायी, परामर्शदाता तथा लाभग्राही वा उपभोक्ता समितिहरूसँग भएका सम्झौतामा उल्लेखित लैससास सम्बन्धी सर्त कार्यान्वयन गर्ने, गराउने तथा त्यसको कार्य प्रगतिबारे प्रभावकारी अनुगमन गर्ने,

छ) लैससासको अवधारणालाई विभागका महाशाखा, शाखा र आयोजनामा मूलप्रवाहीकरण गर्न साझा समझदारी कायम गर्ने तथा त्यसका लागि आवश्यक अभिमुखीकरण गर्ने,

ज) मन्त्रालयको सामाजिक समन्वय शाखासँग नियमित सम्पर्क र निर्देशनमा रही अन्य आवश्यक कार्य गर्ने,

झ) आयोजनाको लैससास एवम् पहुँचयुक्तता परीक्षणमा सहजीकरण गर्ने ।

### ४.३ प्रदेश तह

प्रदेश तहमा लैससास सम्बन्धी कार्य गर्न शहरी विकास मन्त्रालयको समन्वयात्मक भूमिका रहने छ । प्रदेशहरूमा शहरी विकास, बस्ती तथा आवास विकास र भवन सम्बन्धी कार्य गर्ने मन्त्रालयहरूसँग प्रत्यक्ष सम्बन्ध कायम गरी शहरी विकास मन्त्रालयले प्रदेश अनुकूलको लैससास मार्गदर्शन तर्जुमा तथा कार्यान्वयन गर्न सहजीकरण, समन्वय तथा सहयोग गर्नुपर्ने छ । प्रदेशमा मन्त्रालय तहमा सङ्घमा जस्तै लैससास शाखा स्थापना तथा सञ्चालन गरिने छ । प्रदेश तहमा संस्थागत सुदृढीकरण एवम् क्षमता विकासका लागि मन्त्रालयले आवश्यक प्राविधिक सहयोग/पृष्ठपोषण प्रदान गर्ने छ । मन्त्रालय र विभाग तहमा उल्लेखित कार्य विवरणलाई आधार मानेर प्रदेश तहमा पनि लैससास सम्बन्धि शाखा/एकाइको कार्य विवरण तयार गरी लागु गर्न सकिने छ ।

### ४.४ स्थानीय तह

स्थानीय तह अन्तर्गतका कार्यक्रम तथा आयोजनाहरूमा लैससास मार्गदर्शन कार्यान्वयनका लागि स्पष्ट संरचना एवम् उत्तरदायी निकाय स्थापना गर्न शहरी विकास मन्त्रालयले आवश्यक प्राविधिक सहयोग र सहकार्य गर्ने छ । स्थानीय तहमा संस्थागत सुदृढीकरण एवम् क्षमता विकासका लागि मन्त्रालयले आवश्यक प्राविधिक सहयोग/पृष्ठपोषण प्रदान गर्ने छ । यस प्रयोजनका लागि स्थानीय तहमा रहेका सामाजिक विकास शाखाहरूलाई लैससास मार्गदर्शन कार्यान्वयन गर्न मन्त्रालयले प्राविधिकसहयोग उपलब्ध गराउने छ । मन्त्रालय र विभाग तहमा उल्लेखित कार्य विवरणलाई आधार मानेर स्थानीय तहमा पनि लैससास सम्बन्धि शाखा/एकाइको कार्य विवरण तयार गरी लागु गर्न सकिने छ ।

### ४.५ मन्त्रालयसँग संवद्ध सङ्घ संस्था र मातहतका अन्य कार्यालय तथा आयोजनाहरू

मन्त्रालय र मातहत कार्यालयहरूबाट सञ्चालन हुने वस्ती तथा आवास विकास, शहरी विकास र भवन निर्माण र स्थानीय पूर्वाधार सम्बन्धी केन्द्रीय स्तरका आयोजनाहरूका साथै काठमाडौं उपत्यका विकास प्राधिकरण, राष्ट्रिय आवास कम्पनी लिमिटेड, नगर विकास कोष, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति एवम् मन्त्रालयबाट सोझै नियमन हुने अन्य सबै

कार्यालयहरूमा लैससास सम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन तथा मूलप्रवाहीकरण गर्नका लागि कार्यभारका आधारमा एउटा लैससास शाखा वा एकाइको स्थापना गरी प्रत्येक शाखा वा एकाइमा एकजना समाजशास्त्रीको व्यवस्था गर्नुपर्ने छ। यस प्रयोजनका लागि हरेक योजनाको लागत अनुमान तयार गर्दाकै अवस्थामा प्रशासनिक खर्चभित्र पर्ने गरी यस्तो एकाइ सञ्चालनको लागत समावेश गर्नुपर्ने छ। स्थायी पदपूर्ति नभएको अवस्थामा सो रकमबाट आवश्यक कर्मचारीको सेवा करारमा समेत लिने व्यवस्था मिलाउनुपर्ने छ।

मन्त्रालय मातहतका विभिन्न निकाय र सम्बद्ध संघसंस्था तथा आयोजनाहरूले यस मार्गदर्शनको पूर्ण पालना गर्न गराउनुपर्ने छ तथा ती निकाय तथा आयोजनामा यस मार्गदर्शनमा भएमा सबै सान्दर्भिक प्रावधान लागू हुने छन्। लैससास शाखा वा एकाइहरूको कार्यविवरण निम्न अनुसार हुने छ :

क) आयोजना चक्रका हरेक चरणमा लैससासका प्रावधान समावेश तथा कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

ख) निर्माण व्यवसायी तथा आयोजनाबीच भएको सम्झौता अनुसार सम्झौतामा उल्लेखित लैससास सम्बन्धी सर्तहरू कार्यान्वयन गराउने,

ग) लैससासका आधारमा खण्डीकृत तथ्यांक समेटेर प्रगति प्रतिवेदन तयार गर्ने तथा सो प्रतिवेदनमा लैससाससँग सम्बन्धित विषयमा भएको प्रगतिको विश्लेषणात्मक विवरणसमेत उपलब्ध गराउने,

घ) भौतिक संरचना निर्माणमा लैङ्गिकमैत्री निर्माण मानक, संहिता र मापदण्डहरूको पालना भए नभएको अनुगमन गर्ने,

ङ) निर्माण व्यवसायी, परामर्शदाता, मालसामान आपूर्तिकर्ता र आयोजनाबीच भएको सम्झौतामा भएका लैससास सम्बन्धी सर्तहरू कार्यान्वयन गराउने,

च) मन्त्रालय अन्तर्गत गठन हुने सबै समिति, उपसमिति, आयोग आदिमा महिला एवम् विभिन्न लक्षित समूहसमेतको मनासिब प्रतिनिधित्व हुने गरी समावेशी बनाउन सहयोग गर्ने र त्यसको पालनाबारे अनुगमन गर्ने,

छ) सबै प्रकारका तालिम, अनुशिक्षण, अभिमुखीकरण, अवलोकन भ्रमण र छात्रवृत्ति (स्वदेश तथा विदेश दुबै) मा सहभागीहरूको छनौट लैससासमैत्री तथा समावेशी प्रकृतिको हुने व्यवस्था मिलाउने।

**नगर विकास कोषका सम्बन्धमा विशेष थप व्यवस्था**

नगर विकास कोष आफैमा नगरपालिकाहरूबाट गरिने विकास निर्माणका काममा लगानी गर्ने निकाय भएको हुँदा त्यस्तो लगानीलाई लैससासको दृष्टिकोणले उपयुक्त र सार्थक बनाउन त्यहाँ विशेष व्यवस्था लागू गर्नु आवश्यक छ। विकास निर्माणमा लगानी गर्ने विश्व बैङ्क, एसियाली विकास बैङ्क, जाइका, कोइका लगायतका अन्तर्राष्ट्रिय सहयोग निकायहरूमा सामाजिक पक्षलाई पनि उच्च मूल्याङ्कन गरेर आयोजनाको स्वीकृति, लगानीको निर्णय, आयोजना निरीक्षण तथा अनुगमन, आयोजना सम्पन्न प्रतिवेदन तथा आयोजनाको प्रभाव मूल्याङ्कन जस्ता कार्यमा सामाजिक मूल्याङ्कनलाई अनिवार्य मानिन्छ। तसर्थ कोषले लगानी गर्ने योजनामा पनि सामाजिक पक्ष र त्यसमा पनि खासगरी लैससासका पक्षहरू अनिवार्य

रूपमा समावेश भएका योजनामा मात्र लगानी गर्ने नीति लिनु आवश्यक हुन्छ । यस प्रयोजनका लागि यस मार्गदर्शनमा भएका प्रावधानका अतिरिक्त लगानीका विशेष सर्तहरू तथा आयोजना बैङ्क तयार गरी त्यस्ता आयोजनामा मात्र लगानी गर्ने नीति तर्जुमा गरी कोषबाट स्वीकृति लिई लागू गर्न सुझाव दिइएको छ ।

**४.६ लैससास कार्यान्वयनको संरचनागत व्यवस्था**

लैससास मार्गदर्शन कार्यान्वयनका लागि केन्द्रमा मन्त्रालय र मातहतका महाशाखा साथै शाखा तहसम्म उपयुक्त संरचनाको व्यवस्था गर्नुपर्ने छ । यसका लागि सबै तहमा कार्यविवरणसहितको विशेष उत्तरदायित्व प्रदान गरिनु पर्छ । संस्थागत तहमा प्राथमिकता निर्धारण गरी लैससास कार्यान्वयन गर्न पर्याप्त मात्रामा स्रोत साधनको बाँडफाँट गर्नुका अतिरिक्त लैससास मूलप्रवाहीकरणका लागि सम्पूर्ण सरोकारवालाबीच समन्वयात्मक प्रयाससमेत अनिवार्य हुने छ ।

अनुसूची ३ मा मन्त्रालयको वर्तमान सङ्गठन संरचना र लैससासको दृष्टिकोणले आवश्यक हुने प्रस्तावित संरचना देखाइएको छ । त्यस चित्रमा मन्त्रालयका सबै महाशाखाहरूसँग सिधा निर्देशनात्मक सम्पर्क हुनुपर्ने तथा मन्त्रालयभित्रै योजना सम्बन्धी कार्य तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य हेर्ने शाखाहरूसँग भने सिधा पारस्परिक सम्पर्क अनिवार्य हुने भएकाले खण्डित रेखाको सहयोगलेको सहयोगले प्रस्तावित सम्पर्क सूत्र देखाइएको छ । त्यसैगरी लैससासका सन्दर्भमा मन्त्रालय मातहतका सबै निकायको सिधा सम्पर्क सामाजिक समन्वय शाखासँग हुनुपर्ने विषयलाई मोटो रेखाले देखाइएको छ ।

**४.७ कार्यालयको कार्य वातावरण**

मन्त्रालय मातहतका सबै निकाय, सम्बद्ध संघसंस्था, कार्यालय, आयोजनाहरूमा लैससासमैत्री कार्य वातावरण सुनिश्चित गर्नुपर्ने छ । कार्यालयहरूको अनुगमन गर्ने टोलीले यी प्रावधान पालना भए नभएको विषयलाई पनि स्पष्ट रूपमा आफ्नो अनुगमन प्रतिवेदनमा उल्लेख गर्नुपर्ने छ । कार्य वातावरणलाई लैससासमैत्री बनाउन कम्तीमा पनि निम्न सुविधा उपलब्ध भएको हुनुपर्ने छ ः

क) कर्मचारी सरुवा तथा पदस्थापना गर्दा समावेशी वातावरण कायम गर्नुपर्ने,

ख) कार्यालय परिसरभित्र सहज रूपमा लैङ्गिक तथा शारीरिक आवश्यकता अनुसारका विविध संरचना तथा सेवा उपलब्ध हुनुपर्ने (ट्याकटाइल टायलसहितका भित्री बाटा, पहुँचयुक्त शौचालय, मातृशिशु स्याहार कोठा, र्याम्प, ब्रेल र चित्रसहितको सङ्केत पाटी, दोभाषे कर्मचारीको व्यवस्था, अपाङ्गता सहायता कक्ष लगायत पर्याप्त प्रकाश, हावा, सुरक्षित पानी, अपाङ्गतामैत्री फर्निचर, ध्वन्यात्मक सूचना प्रवाह, प्रकोपको समयमा तत्काल उपलब्ध हुनसक्ने गरी समावेशी राहत सुविधा आदि),

ग) लैङ्गिक हिंसा, गालीगलौज, धाकधम्की, झैझगडा, बालश्रम, सूर्तिजन्य वस्तु तथा मदिरा सेवन जस्ता अमर्यादित कार्यलाई पूर्ण निषेध गर्ने,

घ) लैससास विपरीत कुनै कामकारबाही भए गरेको विषयमा निवेदन, गुनासो पेटिका तथा गुनासो सुन्ने अधिकारी तोकी तत्काल गुनासो सम्बोधन हुने व्यवस्था गर्ने ।

**४.८ कानुन मस्यौदा गर्दा लैससास परीक्षण**

मन्त्रालय मातहतका निकाय तथा सम्बद्ध कार्यालय वा संघसंस्थाले मस्यौदा गर्ने सबै प्रकारका नीति, विधेयक, नियमावली, निर्देशिका, मानक, संहिता र मापदण्डहरू तर्जुमाका क्रममा लैससासका सन्दर्भमा त्यस्ता दस्तावेजको परीक्षण तथा लैससास सम्बन्धी प्रचलित कानुनी व्यवस्थासँग समन्वयात्मक अन्तर्सम्बन्ध भएका विषयलाई सुनिश्चित गर्नुपर्ने छ । उक्त प्रयोजनका लागि मस्यौदा तर्जुमा गर्ने टोली, मस्यौदाबारे छलफल गर्न आयोजना हुने कार्यक्रम तथा अन्य सान्दर्भिक क्रियाकलापमा अनिवार्य रूपमा लैससास शाखा वा एकाइको प्रतिनिधित्व गराउनु पर्ने छ ।

### ४.९ मार्गदर्शनको पालना

मन्त्रालय र मातहतका सबै विभाग, निकाय, संस्थान, आयोजनाहरूले यस मार्गदर्शनको अनिवार्य पालना गर्नुपर्ने छ । यस मार्गदर्शनको पालना गर्ने सन्दर्भमा कुनै अस्पष्टता वा द्विविधा रहेको पाइएमा लैससास शाखा वा एकाइलाई लिखित जानकारी गराएर राय सुझाव लिई तदनुकूल निर्णय प्रक्रियामा जानुपर्ने छ । यस मार्गदर्शनमा रहेको व्यवस्था वा सो अनुरुपको लैससास शाखा वा एकाइको राय सुझाव विपरीत कार्य गरेको जानकारी वा निवेदन प्राप्त भएमा यसको परिपालनाका लागि आवश्यक कदम चाल्न सकिने छ ।

### ४.१० खारेजी र बचाउ

यो मार्गदर्शन लागू भएको मितिदेखि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७० खारेज गरिएको छ । यसअघि सो मार्गदर्शन बमोजिम भएका सम्पूर्ण कामकारबाही यसै मार्गदर्शन बमोजिम भएको मानिने छ ।

## अनुसूची १

# अपाङ्गतामैत्री संरचना निर्माणका लागि न्यूनतम आधारभूत मापदण्ड सम्बन्धी सन्दर्भ सामग्री

वि.सं २०७२ सालको भूकम्पपछि भवन संहिताका पाँचवटा खण्ड (१०५, २०२, २०३, २०४, २०६) मा परिमार्जन गरिएको छ। ती पाँचमध्ये वास्तुकलागत संहिता (२०६) पनि एक हो, जसमा पहुँचयुक्तताका विषय समावेश गरिएका छन् । विसं २०७२ सालमा वास्तुकलागत संहिता परिमार्जन हुनुअघि सो संहिता (Architectural Design Requirements) को चौथो पृष्ठमा शारीरिक अपाङ्गतालाई ख्याल गर्दै सार्वजनिक भवनहरू निर्माण गरिनुपर्ने कुरा उल्लेख गरिएको थियो । परिमार्जित वास्तुकलागत संहिताको पाँचौ अध्यायको पेज नम्बर २१ देखि २४ सम्म पहुँचयुक्तताका प्रावधान समेटिएका छन् । संशोधन हुनुभन्दा अगाडिको अवस्थालाई दाँज्दा परिमार्जित संहिताले पहुँचयुक्तताको दायरालाई अलि फराकिलो बनाउँदै भवनलाई आंशिक पहुँचयुक्त, मध्यम पहुँचयुक्त र पूर्ण पहुँचयुक्तमा वर्गीकरण गरी त्यसका आधारभूत मापदण्ड तय गरिएका छन् । यसमा ह्विलचेयर प्रयोगकर्ताका लागि संरचना बनाउँदा ध्यान दिनुपर्ने पक्षलाई विशेष जोड दिइएको छ ।

राष्ट्रिय अपाङ्ग महासङ्घसँगको सहकार्यमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्धारा तयार भई मन्त्रीपरिषद्‌बाट पारित भएको पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका (२०६९) हाल परिमार्जनको क्रममा छ । उक्त परिमार्जित मस्यौदा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको वेबसाइटमा पनि राखिएको छ । अपाङ्गता भएका व्यक्तिका सङ्घ संस्था, पहुँचयुक्तता विज्ञहरू र नेपाल सरकारको सहकार्यमा तयार पारिएको उक्त दस्तावेजमा अपाङ्गताका सबै प्रकारको विस्तारमा उल्लेख गरी दृष्टिविहीन व्यक्ति, शारीरिक अपाङ्गता भएका व्यक्ति, बहिरोपन भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएका व्यक्ति लगायतलाई सहज हुने संरचना डिजाइनका उपाय सुझाइएको छ । उक्त निर्देशिकामा समेटिएका विषयलाई अध्ययन सामग्रीका रूपमा प्रयोग गर्न सकिने छ । उक्त सामग्री तयार पार्दा पहुँचयुक्तताका विश्वव्यापी सिद्धान्त, भारतीय भवन संहिता (२०१६), नेपालको भवन संहिता


(२०७२, वास्तुकला संहिता २०६), शहरी सडक मापदण्ड (२०७६), उद्यान विकास तथा व्यवस्थापन कार्यविधि (२०७५) का प्रावधानलाई समेत ख्याल गर्दै प्रयोगकर्तामैत्री मापदण्ड तय गरिएको जनाइएको छ । नेपालको भवन संहिता (२०७२, वास्तुकला संहिता २०६), को प्रावधानभन्दा कम नहुने गरि तथा अन्तर्राष्ट्रिय अभ्यासहरुलाई समेत मनन् गरि सुझाईएका यी प्रावधानहरु सम्बन्धित सबैलाई उपयोगी हुने ठानेर सन्दर्भ सामाग्रीको रुपमा अनुसूचीमा समेटिएको छ । यस अनुसूचीमा प्रयोग गरिएका सम्पूर्ण चित्र पनि उक्त निर्देशिकाको मस्यौदाबाटै साभार गरिएका हुन् ।[१]

[१] https://mowcsc.gov.np/noticefiles/Accessibility-Guideline_draft_%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AE%E0%A5%A4%E0%A5%A6%E0%A5%AB%E0%A5%A4%E0%A5%A7%E0%A5%AD-%E0%A4%85%E0%A4%A8%E0%A5%8D%E0%A4%A4%E0%A4%BF%E0%A4%AE-1632739862.pdf


# पहुँचयुक्तताका मापदण्ड तथा नक्सा

### १. भवनमा बनाइने र्‍याम्प


- नयाँ बन्ने सार्वजनिक भवनका लागि र्‍याम्पको भिरालोपनाको अनुपात १:१५ हुनु पर्छ । पुरानो भवन संरचनाको मर्मत गर्दा १:१२ को अनुपातभन्दा कम नहुने गरी र्‍याम्प बनाउनु पर्छ ।
- र्‍याम्पमा ह्विलचेयर गुडाउने सतहको चौडाइ घटीमा १ मिटर अर्थात ३ फिट ३ इन्च हुनु पर्छ । दुबैतर्फको रेलिङको भागसमेत समेट्दा ४ फिट चौडाइको र्‍याम्प बनाउनु उपयुक्त हुन्छ ।
- र्‍याम्प सुरु हुने ठाउँ र सकिने ठाउँमा समथर सतहको ल्यान्डिङ बनाउनु पर्छ । ल्यान्डिङको लम्बाइ घटीमा ५ फिट र चौडाइ र्‍याम्पकै चौडाइ (४ फिट) हुनेगरी बनाउनु पर्छ ।
- र्‍याम्पको दुबैतिर रेलिङ राख्नु पर्छ ।
- र्‍याम्पको भुइँ सतह चिप्लो हुनु हुँदैन । टायल राख्दा खस्रो टायल राख्नु पर्छ । कोरा मसिनो गर्दा चिप्लो हुनेगरी बनाउनु हुँदैन । टायल नलगाई भुइँ सतह तयार पर्दा मसिनो धर्साधर्सा काटियो भने बर्खामा लेउ जम्ने, चिप्लने जोखिम कम हुन्छ ।
- फलाम, काठ, ढुङ्गा आदि प्रयोग गरेर र्‍याम्प बनाउन सकिन्छ । ग्रामीण भेगमा ढुङ्गाको छपनी हालेर भुइँ सतह तयार पार्न सकिन्छ । ढुङ्गामा पनि छिनोले खोपेर सतह खस्रो बनाउन सकिन्छ । रेलिङ स्टिल, फलाम, काठ वा बाँसको प्रयोग गरी बनाउन सकिन्छ ।
- कुनै पनि र्‍याम्पको एउटा भागको लम्बाइ ९ मिटर वा ३० फिटभन्दा बढी भएमा ३० फिटपछि एउटा ल्यान्डिङ बनाउनु पर्छ । ल्यान्डिङको लम्बाइ ५ फिट र चौडाइ र्‍याम्पकै बराबर हुने गरी बनाउनु पर्छ ।
- एउटा भागको लम्बाइ ९ मिटर वा ३० फिटभन्दा बढी भएमा ३० फिटपछि एउटा ल्यान्डिङ बनाउनु पर्छ ।
- पुरानो संरचना मर्मत गर्दा १:१२ को अनुपातभन्दा कम नहुने गरी बनाउनु पर्छ ।





नयाँ संरचनामा र्‍याम्प बनाउँदा १:१५ को अनुपातमा बनाउनु पर्छ ।





त्रिआयामिक चित्र ।




एउटा भागको लम्बाई ९ मिटर वा ३० फिटभन्दा बढी भएमा ३० फिट पश्चात एउटा ल्यान्डिङ बनाउनु पर्छ ।





त्रिआयामिक चित्र ।





**पुरानो संरचना मर्मत गर्दा १:१२ को अनुपातभन्दा कम नहुने गरि बनाउनु पर्छ ।**

## २. कर्ब र्‍याम्प


- कर्ब र्‍याम्पमा ह्विलचेयर गुडाउने सतहको चौडाइ घटीमा १ मिटर अर्थात ३ फिट ३ इन्च हुनुपर्छ । दुबैतर्फको रेलिङको भागसमेत समेट्दा ४ फिट चौडाइको र्‍याम्प बनाउनु उपयुक्त हुन्छ ।
- कर्ब र्‍याम्पको भिरालोपनाको अनुपात १:१२ हुनु पर्छ ।
- मुख्य सडक र फुटपाथलाई जोड्न कर्ब र्‍याम्प बनाउँदा कर्ब र्‍याम्प सडक पेटीको केही भागलाई नै काटेर बनाउने भए उक्त कर्ब र्‍याम्पको दुबै छेउको भिरालोपन (Flared surface) पनि १:१२ कै अनुपातमा हुनु पर्छ ।
- कर्ब र्‍याम्पको भुइँ सतह नचिप्लने खालको हुनु पर्छ ।


WARNING TACTILE
GUIDING TACTILE
WALKING PATH
WALKING PATH
FLARED SIDE(1:12)
FLARED SIDE(1:12)
4'
4'
4'
ROAD
CURB RAMP


WALKING PATH
GUIDING TILE
WARNING TILE
FLARED SIDE(1:12)
WALKING PATH
ROAD
ISOMETRIC VIEW

## ३. ढोका


- ढोकाको चौकोसबाहेकको खुला भागको चौडाइ घटीमा ३ फिट हुनु पर्छ । काठको ढोका बनाउँदा चौकोससहित ३ फिट ६ इन्चको ढोका बनाउनु उपयुक्त हुन्छ ।
- ढोका खोल्नका लागि ठेल्दा ५ पाउन्डभन्दा बढी बल प्रयोग गर्नुपर्ने ढोकालाई पहुँचयुक्त मानिँदैन ।
- ढोकामा जडान गरिने चुकुल, ह्यान्डल, ताला लगाउने ठाउँ भुइँ सतहबाट ३ देखि ४ फिटको उचाइमा राख्नु पर्छ ।
- ढोका खोल्ने वा लगाउने क्रममा ह्विलचेयर अगाडि–पछाडि सानुपर्ने वा घुमाउनुपर्ने भएकाले पर्याप्त खुला ठाउँ (५ फिट) हुनुपर्छ । सो ठाउँको भुइँ सतह चिप्लो हुनु हुँदैन ।




## ४. लबी, कोरिडोरको चौडाइ र  ह्विलचेयर घुमाउनका लागि आवश्यक ठाउँ

- सार्वजनिक भवनका प्यासेज, कोरिडोर, लबी आदिमा अवरोध हुने गरी सामान राखिनु हुँदैन ।
- निर्वाध रूपमा ह्विलचेयर गुडाउनका लागि प्यासेज, कोरिडोर वा लबीमा ५ फिटको खुला ठाउँ आवश्यक हुन्छ । प्यासेज, कोरिडोर वा लबीको चौडाइ न्यूनतम ५ फिटदेखि ६ फिटसम्म हुनु उपयुक्त हुन्छ ।
- कोरिडोरमा भएका दुईवटा ढोकाको दूरी ५ फिट हुनु पर्छ ।
- कोरिडोरको उचाइ कम्तीमा ७ फिट हुनु पर्छ ।

- लबी वा कोरिडोरको भुइँ सतह चिप्लो बनाइनु हुँदैन ।
- ह्विलचेयर मोड्न परेमा वा दिशा परिवर्तन गर्न परेमा मोड्ने ठाउँ खुला हुनुपर्छ । त्यहाँ केही पनि सामान राखिनु हुँदैन ।
- पहुँचयुक्त कोरिडोरको दुबैतर्फ समात्ने रेलिङ हुनु पर्छ । रेलिङको व्यास १.५–२ इन्च हुनु पर्छ । रेलिङ ३ फिटको उचाइभित्र राखिनु पर्छ ।
- कोरिडोरमा पर्याप्त प्रकाशको व्यवस्था गरिनु पर्छ । प्राकृतिक रूपमा आउने प्रकाशले नपुगेमा पर्याप्त हुने गरी बत्तीको व्यवस्था गरिनु पर्छ ।
- कोरिडोरमा आवश्यक ठाउँमा दिशा जनाउने सङ्केत पाटीको व्यवस्था गरिनु पर्छ ।




PASSAGE AND CORRIDOR

## ५. सवारी पार्किङस्थल


- जुनसुकै सार्वजनिक पार्किङस्थलमा पनि कम्तीमा एउटा पहुँचयुक्त सवारी पार्किङस्थल अनिवार्य रूपमा निर्माण गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको पहुँचयुक्तता चिह्न (Signage) समेत राख्नु पर्छ । यस्तो चिह्न राख्दा भुइँमा चिह्न बनाउनुभन्दा २ मिटरको अग्लो स्ट्यान्ड बनाई टाढैबाट प्रष्ट देखिने सङ्केत चिह्न राखिनु उपयुक्त हुन्छ । अग्ला गाडीहरूबाट नछेकियोस् भन्नाका लागि २ मिटरको स्ट्यान्ड बनाउनु उपयुक्त हुन्छ ।
- १० वटासम्म सवारी साधन पार्क गर्ने ठाउँमा एउटा पार्किङ स्थल अपाङ्गता भएका व्यक्तिका लागि छुट्याई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको पहुँचयुक्तता चिह्न (Signage) समेत राख्नु पर्छ ।
- २५ वटा सवारी साधन पार्किङ गर्ने स्थलमा घटीमा दुईवटा पार्किङस्थल अपाङ्गता भएका व्यक्तिका लागि छुट्याउनु पर्छ ।
- ५० वटा सवारी साधन पार्किङ गर्ने स्थलमा घटीमा तीनवटा पार्किङस्थल अपाङ्गता भएका व्यक्तिका लागि छुट्याउनु पर्छ ।

- १०० वटा सवारी साधन पार्किङ गर्ने स्थलमा घटीमा चारवटा पार्किङस्थल अपाङ्गता भएका व्यक्तिका लागि छुट्याउनु पर्छ ।
- पहुँचयुक्त पार्किङ भएको ठाउँमा पुग्ने बाटो जनाउनका लागि पनि सङ्केतपाटी राखिनु पर्छ ।
- मूल भवनबाट सकेसम्म नजिक हुने गरी पार्किङस्थल छुट्याउनु पर्छ । ३० मिटरभन्दा पर हुने गरी पहुँचयुक्त पार्किङ बनाउनु हुँदैन ।
- अपाङ्गता भएका व्यक्तिका लागि पार्किङको व्यवस्था गर्दा विशेष प्रकारको स्कुटरका लागि प्रति स्कुटर कम्तीमा ४ फिट चौडाइ र ५ फिट लम्बाइ भएको स्थान छुट्याउनु पर्छ । साथै, पार्किङ गरिएको एउटा स्कुटर र अर्को स्कुटरको बीचमा कम्तीमा ३ फिटको खुला ठाउँ हुनु पर्छ ।
- कार, भ्यान, जिप आदि सवारी साधनको हकमा पहुँचयुक्त पार्किङस्थलका लागि कम्तीमा ८ फिट चौडाइ र १५ फिट ७ इन्च लम्बाइ वा सोभन्दा बढी स्थान छुट्याउनु पर्छ । पार्किङ गरिएको एउटा सवारी साधन र अर्को सवारी साधनको बीचमा कम्तीमा ५ फिट चौडा खुला स्थान हुनु पर्छ ।
- पार्किङस्थलमा सवारी पार्किङ गरी अपाङ्गता भएका व्यक्तिलाई पुनः ह्विलचेयरमा बसेर वा अन्य सहायक सामग्री प्रयोग गरी आफ्नो काममा जानका लागि बाटामा कुनै किसिमको अवरोध हुनु हुँदैन र यसका लागि र्याम्प आवश्यक पर्ने ठाउँमा र्याम्प निर्माण गर्नु पर्छ ।




## ६. सडकपेटी


- सडकपेटी सबैखाले खुड्किलाबाट मुक्त हुनुपर्छ ।
- सडकपेटीको सतह समथर हुनुपर्छ । भुइँ सतह हिँड्न वा ह्विलचेयर गुडाउन सहज हुने खालको हुनु पर्छ । चिप्लो खालको सामग्री प्रयोग गरी सडकपेटी बनाउनु हुँदैन । सडकपेटीमा खाल्डाखुल्डी हुनु हुँदैन । सडकपेटीमा इँटाका टुक्रा, साना ठुला ढुङ्गा, गिट्टी आदि सामग्री हुनु हुँदैन । सडकपेटी पानी नजम्ने गरी बनाइनु पर्छ । साँघुरो सडकपेटीमा रुख बिरुवा रोप्नु हुँदैन ।
- सडकपेटीको बीचमा बिजुलीका पोल, लत्रेका तारले पनि आवागमनमा असुविधा पार्ने हुँदा त्यस्ता पोल छन् भने, तार लत्रिएको छ भने तिनीहरूलाई हटाई सडकपेटीमा आवागमन सहज पारिनु पर्छ ।
- सडकपेटी र सडक जोडिने ठाउँमा कर्ब र्‍याम्प बनाई आवागमन सहज पारिनु पर्छ ।
- सडक पेटीमा सहज तरिकाले ह्विलचेयर गुडाउन एउटा ह्विलचेयरका लागि घटीमा ४ फिट (१२०० मिमि) चौडाइको सडकपेटी चाहिन्छ । दुई विपरीत दिशाबाट आएका ह्विलचेयर सहजै पार गर्न तथा अन्य पैदलयात्रु पनि एकसाथ सहजै हिँड्नका लागि उपयुक्त हुने गरी फराक सडकपेटी बनाउनु पर्छ । सडक पेटीमा रेलिङ पनि लगाउनु पर्छ ।
- सडकपेटी र सडक पार गर्ने ठाउँमा दृष्टिविहीन व्यक्तिको सहज र स्वतन्त्र आवागमनका लागी 'ट्र्याकटाइल टायल' बिछ्याउनु पर्छ । यसको सतह खस्रो र नचिप्लने खालको हुनु पर्छ । यस्तो टायल धर्साधर्सा/गोलाकार र बीचको भाग उठ्ने गरी बनाइएको हुन्छ । ट्र्याकटाइल टायलको शृङ्खला नटुट्ने गरी बनाउनु पर्छ । दिशा परिवर्तन हुने ठाउँमा वा टुङ्गिने ठाउँमा गोलाकार टायल र निरन्तर बाटो आउने ठाउँमा लामो धर्सा भएको टायल लगाउनु पर्छ ।
- दोहोरो आवतजावतका लागि सडकपेटीको चौडाइ घटीमा ६ फिट हुनु पर्छ । हरेक ८२ फिट (२५ मिटरमा) ओहोर दोहोर गर्न वा ह्विलचेयर मोड्न फराकिलो ठाउँ (६ फिट) भएमा सडकपेटी ५ फिटको पनि बनाउन सकिन्छ ।
- एकतर्फी आवतजावतका लागि सडकपेटीको चौडाइ घटीमा ४ फिट हुनु पर्छ ।
- १६४ फिट (५०) मिटरभन्दा लामो र ६ फिटभन्दा कम चौडाइको सडकपेटी भएमा ८२ फिट (२५ मिटर) मा चित्रमा देखाए झैं आवतजावत गर्ने फराकिलो ठाउँ बनाउनु पर्छ । सो ठाउँको चौडाइ घटीमा ६ फिट ६ इन्च हुनु पर्छ भने उक्त ठाउँमा सडकपेटीको चौडाइ फिट हुनु पर्छ ।





FOOTPATH DETAIL





FOOTPATH (TWO WAY)-OPTION 1





FOOTPATH (TWO WAY)-OPTION 1





FOOTPATH -ONE WAY





SIDE VIEW OF FOOTPATH





'टी' जक्सनमा ट्याकटाइल टायल लगाउने तरिका




'एल' जक्सनमा ट्याकटाइल टायल लगाउने तरिका




चौबाटोमा ट्याकटाइल टायल लगाउने तरिका




**'जेड' जक्सन र चौबाटोमा ट्याकटाइल टायल लगाउने तरिका**


## ७. शौचालय

- शौचालयको ढोकाको खापा बाहिरतिर खुल्ने गरी बनाउँदा ह्विलचेयर प्रयोगकर्ताले बाहिर आफू सुरक्षित रही ढोकाको खापा बाहिरतर्फ तान्न मिल्ने गरी पर्याप्त ठाउँ राख्नु पर्छ ।
- ढोका तान्दा ह्विलचेयर थोरै पछाडितिर गुडाउने र पूरै ढोका खुलिसकेपछि मात्र भित्र प्रवेश गराउनका लागि अतिरिक्त ठाउँको आवश्यकता पर्ने भएकाले यस्तो अतिरिक्त ठाउँ कम्तीमा ५ फिट लम्बाइ र ३ फिट चौडाइ वा र्‍याम्प भएमा र्‍याम्पको चौडाइ बराबरको हुनु पर्छ ।
- र्‍याम्पसँग जोडिएको शौचालय भएमा ढोकाको अगाडि ल्यान्डिङ बनाउनु पर्छ । ढोकामा फलाम अथवा स्टिलको सिक्री पनि राखियो भने ढोका तान्न सहज हुन्छ ।


- ढोका बनाउँदा १८० डिग्रीमा खुल्ने गरी बनाउनु अझ उपयुक्त हुन्छ ।
- शौचालयको ढोका बनाउँदा चौकोसबाहेक ढोकाको खुला भागको चौडाइ ३ फिट हुनु पर्छ । काठको ढोका बनाउँदा चौकोससहित ढोकाको कुल चौडाइ ३ फिट ६ इन्च हुनु उपयुक्त हुन्छ ।
- शौचालय बनाउँदा ह्विलचेयर ५ फिटको व्यासमा घुम्न सक्ने गरी पर्याप्त खुला ठाउँ हुनु पर्छ । सकेसम्म ढोका बाहिर खोल्ने गरी बनाउनु पर्छ । शौचालयको ढोकाको खापा भित्रतिर खुल्ने गरी बनाउँदा ह्विलचेयर भित्र प्रवेश गराएर पुनः ह्विलचेयर घुमाएर ढोका बन्द गर्न र उपयुक्त ठाउँमा ह्विलचेयर उभ्याएर शौच स्थान (कमोड) मा सर्न मिल्ने गरी खुला ठाउँ राख्नु पर्छ ।
- परम्परागत शौचस्थान अर्थात् प्यान अपाङ्गता भएका व्यक्तिलाई अनुपयुक्त र कष्टकर हुने हुँदा सार्वजनिक शौचालयमा सबैका लागि उपयुक्त हुने कमोड प्रयोग गर्नु पर्छ ।
- शौचालय भएको स्थान वा शौचालयलाई सङ्केत गर्ने सूचना लेखिएको ठाउँमा ब्रेल लिपि पनि प्रयोग गर्नु पर्छ ।
- महिला र पुरुष शौचालय छुट्याउने चित्रात्मक सङ्केतका साथै सो विवरण पनि ब्रेल लिपिमा लेखिनु पर्छ ।
- यस्तो सूचना दृष्टिविहीन व्यक्तिले उभिएर छाम्दा सहज हुने गरी जमिनको सतहबाट ३ फिट ६ इन्चको उचाइभित्र राख्नु पर्छ ।
- ह्विलचेयरले टेकेको सतहबाट युरिनलको उचाइ २ फिट ६ इन्चभन्दा बढी हुनु हुँदैन । बेसिन राख्दा भुइँ सतहबाट धाराको माथिल्लो सतहको अधिकतम उचाइ ३ फिट ३ इन्चभन्दा बढी हुनु हुँदैन ।
- बेसिनको तल्लो भागमा ह्विलचेयर प्रयोगकर्तालाई अवरोध हुने खालका संरचना बनाउनु हुँदैन ।
- शौचालयभित्र एउटा आकस्मिक घण्टी राखिनु पर्छ । अपाङ्गता भएका व्यक्तिलाई केही समस्या आइपरेमा, लडेमा वा अन्य आपतकालीन अवस्थामा उनीहरूले बजाउन सक्ने गरी बढीमा २ फिट ६ इन्चको उचाइमा त्यस्तो घण्टी राखिनु पर्छ । यस्तो अप्ठ्यारो पटक पटक आउन सक्ने हुँदा ढोका फोरेर भित्र पस्ने भन्ने सोच राख्नुभन्दा गार्ड वा उद्धार गर्न सक्ने व्यक्तिले आवश्यकता अनुसार बाहिरबाटै खोलेर मदत गर्ने गरी झ्याल बनाउनु पर्छ ।
- ३ फिटको उचाइमा कमोडको दायाँ बायाँ स्टिलको समात्ने डन्डी (ग्राब बार) तेर्सो पारेर राखिनु पर्छ । त्यसबाहेक एउटा ठाडो समात्ने डन्डी पनि राख्न सकेमा ह्विलचेयर प्रयोगकर्तालाई अझ सहज हुन्छ । तेर्सा समात्ने डन्डीको लम्बाइ ३ फिट तथा ठाडो समात्ने डन्डीको लम्बाइ १ फिट ६ इन्च हुनु पर्छ । समात्ने डन्डीको व्यास १.५–२ इन्च हुनु पर्छ । समात्ने डन्डी भित्तामै टाँसिने गरी वा समात्न असहज हुने गरी राख्नु हुँदैन । भित्ताबाट समात्ने भागको बीचमा घटीमा १.५ इन्च वा सोभन्दा बढी खुला ठाउँ हुनु पर्छ ।
- शौचालयमा नचिप्लिने सतह भएको खस्रो टायल प्रयोग गर्नु पर्छ ।
- पुरुष शौचालयमा पुरुषलाई पिसाब फेर्नका लागि बनाइएको युरिनलसम्म ह्विलचेयर लैजान कुनै

किसिमको अवरोध हुनु हुँदैन ।


- महिला र पुरुष शौचालय लेखिएको सङ्केत पाटी प्रस्ट देखिने गरी ३ फिटको उचाइमा राखिनु पर्छ । सङ्केत पाटी ब्रेल लिपिमा समेत बनाउनु पर्छ । शौचालयको स्थानबारे सहज रूपमा जानकारी दिन आवाज दिने उपकरण जडान गर्न सकेमा अझ सहज हुन्छ ।
- शौचालयको भित्रपट्टि प्रयोग गर्ने तरिका उल्लेख गरिएको सचित्र सङ्केत पाटी राखिनु पर्छ ।





TOILET PLAN (OPTION-1)
(7'-6" X 7'-0")






SECTION AT T-T





FRONT ELEVATION


MIRRIOR
WASH BASIN
NON-SLIPPERY TILES
2'-6"
2'-4"
BELL SWITCH
TOILET PAPER HOLDER
FOLDABLE GRAB BAR
2'-6"
DUST BIN
ISOMETRIC VIEW



8'
6'
2'-4"
1'-4"
2'-4"
U
HOR.HANDRAIL
5' Dia CIRCULATION SPACE
WARNING TILE
GUIDING TILE
TOILET PLAN (OPTION 2)
(8'-0" X 6'-0")


VENTILATION
VERTICAL GRAB BAR
HORIZONTAL GRAB BAR
MR
WC
WC
1'-6"
3'
2'-6"
7'
BELL SOUND BOX
SIGNAGE
BRAILLE INDICATOR
2'-6"
SECTION AT U-U
FRONT ELEVATION





## ८. सार्वजनिक धारा र बेसिन

- धारा र बेसिन पहुँचयुक्त बाटो (र्‍याम वा कुनै अवरोध नभएको समतल स्थल) बाट जोडिएको हुनु पर्छ ।
- धाराको टुटीको उचाइ २ फिट ६ इन्चदेखि ३ फिट इन्चभन्दा बढी हुनु हुँदैन ।
- ह्विलचेयर प्रयोगकर्ताका लागि बेसिन जडान गर्दा बेसिनको मध्यभाग र यसको छेउतिरको गारो वा पर्खालको दूरी कम्तीमा १४ इन्च हुनु पर्छ ।
- धारामा साबुन, जग, राख्ने ठाउँ बनाउँदा २ फिट ६ इन्चभन्दा अग्लो बनाउनु हुँदैन ।
- लुगा कपडा, गम्छा राख्ने ठाउँ ३ फिट ६ इन्चभन्दा अग्लो बनाइनु हुँदैन ।
- कोरा मसिनो सतहमा लेउ लागेर धारा धेरै चिप्लो हुने हुँदा लेउ नलाग्ने गरी, नचिप्लने गरी खस्रो सतह तयार पार्नु पर्छ । पानी सिधै झर्ने गरी बनाइएको धारामा पानी झर्न बनाइएको सतहमा बैसाखी वा ह्विलचेयर नचिप्लिने गरी पानी झर्ने व्यवस्था मिलाउनु पर्छ ।





WATER TAP DETAIL




## ९. सार्वजनिक स्नानघर


- सार्वजनिक स्नानघर पहुँचयुक्त बाटो (र्‍याम वा कुनै अवरोध नभएको समतल स्थल) सँग जोडिएको हुनु पर्छ । ढोकाको चौडाइ घटीमा ३ फिट (चौकोसबाहेक) हुनु पर्छ । ढोकामा कुनै अवरोध हुनु हुँदैन । स्नानघर र्‍याम्पसँग जोडिएको भएमा स्नानघरको ढोकाअगाडि ल्यान्डिङ बनाउनु पर्छ, जसको लम्बाइ घटीमा ५ फिट र चौडाइ ३ फिट (वा र्‍याम्पको चौडाइ बराबर) हुनु पर्छ ।
- स्नानघरको भुइँ सतह बनाउँदा चिप्लो नहुने गरी बनाउनु पर्छ ।
- स्नानघरको भित्रपट्टि ह्विलचेयर घुमाउनका लागि घटीमा ५ फिट व्यासको स्थान उपलब्ध हुनु पर्छ ।
- स्नानघरमा उपलब्ध गराइने सावर खोल्न र बन्द गर्न प्रयोग गरिने स्विच (Shower Control) भुइँ सतहबाट ३ फिट ४ इन्चभन्दा बढी उचाइमा राखिनु हुँदैन । सावर खोल्न र बन्द गर्न प्रयोग गर्दा भुइँमा पिर्का, मुडा वा मेचमा बसेरसमेत प्रयोग गर्न सहज हुने गरी राख्नु पर्छ ।
- स्नानघरमा नुहाउनका लागि सहज खालको कुर्सी राख्नु उपयुक्त हुन्छ । कुर्सी नचिप्लोयोस् भन्नका लागि बलियोसँग भित्तामा बाध्नु पर्छ । दोब्र्याउन वा फोल्ड गर्न मिल्ने कुर्सी भएमा अझ उपयुक्त हुन्छ । यस्तो कुर्सीको लम्बाइ र चौडाइ डेढ फिट हुनु पर्छ ।
- स्नानघरमा पनि शौचालयमा जस्तै भित्तामा समात्ने डन्डी राख्नु पर्छ ।
- स्नानघरभित्र पनि आकस्मिक घण्टी राख्नु पर्छ ।
- स्नानघरको बाहिर प्रस्ट देखिने सङ्केतपाटी राखिनु पर्छ । ब्रेलमा पनि सङ्केत राखिनु पर्छ ।
- स्नानघरको भित्रपट्टि नुहाउने तरिका उल्लेख गरिएको सचित्र सङ्केत पाटी राखिनु पर्छ ।


6'
1'-8"
1'-8"
2'-8"
SHOWER
CONTROLLER
CHAIR
SWITCH
DUST BIN
B
7'-9"
GUIDING TILE
WARNING TILE
5' Dia CIRCULATION SPACE
NON-SLIPPERY
TILES
BATHROOM PLAN
(6'-0" X 7'-9")



MIRROR
WASH BASIN
NON-SLIPPERY
TILES
2'-6"
3'
1'-6"
SHOWER CONTROLLER
BELL SWITCH
CHAIR
SUPPORT GAR BAR
3'
2'-6"
3'-4"(max)
ISOMETRIC VIEW

## १०. भऱ्याङ

- भऱ्याङको खुड्किलाको खुट्टा राख्ने ठाउँ (Tread) को चौडाइ १२ इन्च (१ फिट) र खुडकिलाको उचाइ (Riser) ६ इन्च हुने गरी बनाउनु पर्छ । तर, खुट्टा राख्ने ठाउँको चौडाइ ११ इन्चभन्दा कम र खुड्किलाको उचाइ ६.५ इन्चभन्दा बढी चाहिँ हुनु हुँदैन ।
- भऱ्याङमा अनिवार्य रूपमा हाते रेलिङ राख्नुपर्छ । भऱ्याङको एक छेउ वा दुबै छेउमा गारो लगाईएको छ भने गारो र रेलिङको बिचमा १ देखि १.५ इन्च खाली भाग राखेर रेलिङ निर्माण गर्दा प्रयोगकर्तालाई सहज हुन्छ । ल्यान्डिङमा पनि रेलिङ राख्नुपर्छ ।
- भऱ्याङको भुइँ सतह बनाउँदा मार्बल जस्ता चिप्ला सामग्री राखेर बनाउनु हुँदैन । मार्बलमा पानी पोखिँदा चिप्लने खतरा झन् बढी हुन्छ । चिप्लो सतहले दुर्घटना निम्त्याउने हुँदा भऱ्याङको भुइँ सतह खस्रो हुने गरी बनाउनु पर्छ ।
- भऱ्याङमा हिँड्ने व्यक्तिलाई असहज हुने गरी भित्तामा कुनै वस्तु झुन्ड्याउनु हुँदैन । त्यसरी झुन्डिएको कुनै संरचनागत भाग पनि बनाउनु हुँदैन । दृष्टिविहीन व्यक्तिलाई अप्ठेरो पर्ने गरी सामान राखिनु हुँदैन ।
- भवनभित्र भऱ्याङ कहाँ छ भनेर थाहा दिनका लागि प्यासेजमा भऱ्याङ जाने बाटो लेखिएको सङ्केत पाटी राखिदिनु पर्छ । त्यस्तो सङ्केतपाटी ब्रेलमा पनि बनाउनु पर्छ ।





STAIRCASE DETAIL




## ११. लिफ्ट


- पार्किङस्थल वा मुख्य प्रवेशद्वार वा भवन परिसरबाट लिफ्टसम्म ह्विलचेयर सहजै आवत जावत गर्नका लागि कुनै किसिमको अवरोध हुनु हुँदैन ।
- लिफ्टको ढोकाको चौडाइ घटीमा ३ फिट हुनु पर्छ । लिफ्टभित्र एउटा ह्विलचेयरका लागि घटीमा ४ फिट चौडाइ र ४ फिट ७ इन्च लम्बाइको ठाउँ उपलब्ध हुनु पर्छ ।
- लिफ्ट चलाउने सबैखाले विद्युतीय बटनहरू ह्विलचेयरले टेकेको सतहबाट ३ फिट ६ इन्चभन्दा बढी उचाइमा राखिनु हुँदैन ।
- लिफ्ट सञ्चालन गर्नका लागि प्रयोग गरिने विद्युतीय बटनमा लेखिएका अक्षर न्यून दृष्टि भएका व्यक्तिले समेत पढ्न सक्ने गरी ठुला अक्षरमा र पूर्ण दृष्टिविहीन व्यक्तिले समेत प्रयोग गर्न मिल्ने गरी ब्रेल लिपिमा पनि लिपिबद्ध गर्नु पर्छ ।
- लिफ्ट सञ्चालन गर्ने तरिकाबारे सचित्र विवरण टाँस्नु पर्छ ।
- लिफ्ट सञ्चालन भइसकेपछि त्यो माथि वा तल, कता जाँदैछ भनेर थाहा पाउन र कुन तल्लामा पुग्यो भनेर थाहा पाउन आँखाले प्रस्ट देखिने सङ्केतका साथै ध्वनि सङ्केतको समेत व्यवस्था गर्नु पर्छ ।
- लिफ्टको भित्र भित्तामा भुइँ सतहबाट बढीमा ३ फिट उचाइमा रहने गरी तेर्सो समात्ने डन्डी राख्नु पर्छ । डन्डी खिया नलाग्ने, धारिलो सतह नभएको स्टिलको गोलाकार हुनु पर्छ ।




**LIFT DETAIL**


## १२. टेबुल, दराज तथा काउन्टर

- ह्विलचेयर प्रयोगकर्तालाई कार्यालय तथा अध्ययन प्रयोजनका लागि बनाइने टेबुलको आकार घटीमा ३ फिट चौडाइ र ४ फिट लम्बाइको हुनुपर्छ । साथै उचाइ ८० सेन्टिमिटर (करिब २ फिट ७ इन्च) भन्दा बढी हुनु हुँदैन । २ फिट ६ इन्चको उचाइलाइ उपयुक्त मानिन्छ ।
- ह्विलचेयर प्रयोगकर्तालाई टेबुल वा डेस्कमा आफ्नो काम सजिलोसँग गर्नका लागि ह्विलचेयरको अगाडि तर्फको भाग र प्रयोगकर्ताको घुँडा सजिलोसँग टेबुल वा डेस्कमुनि छिराउन भित्र कम्तीमा ४८ (करिब १ फिट ७ इन्च) सेन्टिमिटर र ९० सेन्टिमिटर चौडा स्थान उपलब्ध हुने गरी बनाउनु पर्छ ।
- सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका विभिन्न कार्यालय, सिनेमा घर, पसल, रिसेप्सन आदि काउन्टर हरूको उचाइ पनि ह्विलचेयरले टेकेको सतहबाट २ फिट ६ इन्चभन्दा बढी अग्लो बनाउनु हुँदैन ।
- दराज र फाइलिङ क्याबिनेटहरू ४ फिटभन्दा अग्लो बनाउनु हुँदैन ।




## १३. बस बिसौनी

- बस बिसौनीमा ह्विलचेयर सजिलै जानसक्ने व्यवस्था मिलाउनु पर्छ । बस बिसौनीमा  सवारी प्रतीक्षा गर्ने ठाउँ बनाउँदा ह्विलचेयर प्रयोगकर्तालाई सहज हुने गरी ह्विलचेयरका लागि आवश्यक स्थान छुट्याउनु पर्छ ।
- दृष्टिविहीन व्यक्तिका लागि ब्रेल लिपि र अडियो सन्देशमार्फत सो ठाउँ बस बिसौनी हो भनेर थाहा पाउने स्पष्ट सङ्केत राखिनु पर्छ । सङ्केतपाटी ४ फिटभन्दा बढी उचाइमा राख्नु हुँदैन । बस बिसौनी भवनबाट १ फिट टाढा हुने गरी बस बिसौनीका दुबैतिर वा एकापट्टि पथप्रदर्शक सामग्री (गाइडिङ ब्लक) बिछ्याउनु पर्छ, जसले गर्दा दृष्टिविहीन व्यक्तिले सजिलै बस बिसौनी पहिल्याउन सकून् । साथै होचापुड्का व्यक्तिलाई सहज हुने गरी बस्ने ठाउँको व्यवस्था मिलाउनु पर्छ । उनीहरूका लागि बस्ने ठाउँको उचाइ १ फिटभन्दा बढी हुनु हुँदैन ।
- बैसाखी प्रयोगकर्ताका लागि दायाँ बायाँ बैसाखीले टेक्ने भागमा कुनै अवरोधक वस्तुहरू राखिनु हुँदैन । बैसाखी प्रयोगकर्ताका लागि ३ फिटको खुला स्थान चाहिन्छ  । फुटपाथ वा जेब्राक्रस हुँदै बस बिसौनीसम्म पुग्ने ठाउँ पूर्ण रूपमा अवरोधविहीन हुनु पर्छ ।



## १४. सभाकक्ष/बैठककक्ष र मञ्च


- सभाकक्ष वा बैठककक्ष पहुँचयुक्त र्‍याम्पले जोडिएको वा अवरोधविहीन हुनु पर्छ ।
- सभाकक्ष जाने बाटो सङ्केतपाटीले जनाउनु पर्छ ।
- भुइँ सतह चिप्लो हुनु हुँदैन ।
- सभाकक्षमा ५ प्रतिशत सिट ह्विलचेयर प्रयोगकर्ताका लागि छुट्याउनु पर्छ । आवश्यक परेमा सिटहरू दोब्र्याउन (फोल्ड गर्न) मिल्ने वा हटाउन मिल्ने गरी बनाउनु पर्छ । सानो बैठककक्षमा पनि घटीमा एउटा सिट ह्विलचेयर प्रयोगकर्ताका लागि छुट्याउनु पर्छ ।
- पहुँचयुक्त एउटा सिटका लागि ४ फिट लम्बाइ र ३ फिट चौडाइको ठाउँ छुट्याउनु पर्छ ।
- सभाकक्षको मञ्च पहुँचयुक्त हुने गरी बनाउनु पर्छ । मञ्चसम्म पुग्न १:१२ को अनुपातमा र्‍याम्प बनाउनु पर्छ । यस्तो र्‍याम्प आवश्यक परेको बेलामा राख्न, झिक्न मिल्ने गरी बनाउन सकिन्छ । मञ्चमा ३२ इन्च (२ फिट ८ इन्च) उचाइको छुट्टै पोडियम बनाउनु पर्छ ।




MULTIPURPOSE HALL

## १५. भान्सा/डाइनिङ

- कार्यालय वा सार्वजनिक महत्त्वका भवनमा बनाइने भान्सा/डाइनिङ कक्ष सकेसम्म भुइँ तलामै हुनु पर्छ। त्यहाँसम्म जाने बाटो प्रस्ट देखिने गरी सङ्केतपाटी पनि राख्नु पर्छ।
- ढोकाको खुला भागको चौडाइ घटीमा ३ फिट हुनु पर्छ।
- भान्सा/डाइनिङको भुइँ सतह चिप्लो हुनु हुँदैन।
- ह्विलचेयर घुमाउनका लागि ५ फिट व्यासको खुला ठाउँ हुनु पर्छ।
- भान्सामा राखिने फ्रिज, पकाउने ठाउँ, भाडा माझ्ने ठाउँ, पानीको फिल्टर सबैका लागि पहुँचयुक्त हुने गरी बनाउनु पर्छ। अग्लो स्ट्यान्डमा फ्रिज वा फिल्टरहरू राख्नु हुँदैन।
- भान्साको काउन्टरको उचाइ भुइँ सतहबाट ३०–३२ इन्च (२ फिट ६ इन्चदेखि २ फिट ८ इन्चसम्म) भन्दा बढी हुनु हुँदैन। काउन्टरको चौडाइ १८–२० इन्च हुनु पर्छ, जसले गर्दा ह्विलचेयर प्रयोगकर्तालाई ह्विलचेयरमा बसेर पकाउन वा भाडा माझ्न सहज हुन्छ।
- भाँडा माझ्ने ठाउँमा सहजै खोल्न सकिने धारा राख्नु पर्छ।
- भान्साको काउन्टरको पकाउने भाग र भाँडा माझ्ने खण्डको तल खुला ठाउँ हुनु पर्छ। सो भागमा घर्रा राख्नु हुँदैन।
- भान्सामा राखिने सबै घर्रा सजिलै तान्न र धकेल्न मिल्ने हुनु पर्छ।
- भाँडा राख्ने ठाउँ धेरै अग्लो बनाउनु हुँदैन। ३ फिट ६ इन्चभन्दा कम उचाइमै पर्ने गरी भाँडा वा अन्य सामान राख्ने र्‍याक बनाउनु पर्छ।
- टेबुल र कुर्सी बनाउँदा पनि पहुँचयुक्ततालाई ख्याल गरिनु पर्छ। टेबुललाई भित्तामा च्यापेर राख्नु हुँदैन। ह्विलचेयर घुम्न पुग्ने गरी राख्नु पर्छ। टेबुलको उचाइ २ फिट ६ इन्च हुने गरी बनाउनु पर्छ। ह्विलचेयरमा बस्न सहज होस् भन्नाका लागि टेबुलको भित्री भाग खुला हुनु पर्छ।
- भान्सामा बज्ने आपतकालीन घण्टीमा आपतकालीन अवस्था जनाउने बत्ती पनि राख्नु पर्छ। साथै, आपतकालीन अवस्था (भूकम्प, आगलागी वा अन्य) मा साङ्केतिक भाषामा विद्युतीय प्रदर्शन (डिजिटल डिस्प्ले) हुने व्यवस्था मिलाउनु पर्छ।




KITCHEN AND DINING AREA DETAIL

## अनुसूची २

# कार्यक्रम स्वीकृतिका लागि आयोजनाको प्राथमिकता निर्धारण तालिका

**सम्बन्धित विभाग/कार्यालय :**

**आयोजना/कार्यक्रमको नाम :** **बजेट शीर्षक :** **आयोजना/कार्यालय प्रमुख :**

| | १ | २ | ३ | | | | | ४ | ५ | | | | | ६ | | | | ७ | ८ | ९ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम | राष्ट्रिय नीतिसँग सम्बन्धित | रा.यो.आ.को आवधिक योजनासँग सम्बन्धित | अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सम्बन्धित (अधिकतम अङ्क भार १५) | | | | | राष्ट्रिय प्राथमिकता (१ भए १५, २ भए १० र ३ भए ५) | लैससासको पालना (क) समावेशिता (ख) लैङ्गिक (ग) गरिबी निवारण (घ) उमेर समूह | | | | | आयोजना अवधि (क) अवधि (ख) कार्यसम्पादन (ग) समापनको निकटता | | | | लगानीको निश्चितता | जम्मा प्राप्ताङ्क | प्राप्ताङ्कका आधारमा प्राथकिता क्रम | कैफियत |
| | २० | १५ | ११ | ३ | ३ | ३ | जम्मा | १५ | २० | | | | | १० | | | | ५ | | | |
| | | | दि.वि.लक्ष्य | | | | | | क | ख | ग | घ | जम्मा | क | ख | ग | जम्मा | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | |

**द्रष्टव्य :**


क) महल १ र २ मा अङ्क दिँदा समग्र नीति वा आवधिक योजनाको बृहत्तर लक्ष्यमध्ये धेरै वटा लक्ष्यसँग आबद्ध र प्रभाव पार्ने योजनाहरूलाई बढी अङ्क दिई सोको कारण कैफियत महलमा खुलाउने ।

ख) महल ३ को दिगो विकास लक्ष्य शीर्षकमा प्रत्येक लक्ष्यसँगको आबद्धता वापत एकका दरले अङ्क दिई सोको कारण कैफियत महलमा खुलाउने ।


ग) महल ४ मा अङ्क दिँदा स्थानीय माग र सिफारिसका आधारमा समावेशी भएको आयोजना, सम्भावित लैङ्गिक प्रभाव, गरिबी निवारणमा पर्नसक्ने प्रभाव र विभिन्न उमेर समूहका आवश्यकतालाई सम्बोधन गर्ने योजनाहरूले प्राथमिकता पाउने गरी अङ्क निर्धारण गर्ने ।

## अनुसूची ३

# शहरी विकास मन्त्रालयको विद्यमान सङ्गठन संरचना



# लैससासमैत्री प्रस्तावित सङ्गठन संरचना



नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन नं : ०१४२११६७३, ०१४२११६९३
इमेल : info@moud.gov.np
वेबसाइट : https://moud.gov.np/